


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

epratekdaily.com

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epratekdaily.com

**उत्पादन बढाऔं र मितव्ययी बनौं**

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
- आर्थिक रूपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं ।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं ।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

❖ वर्ष ३६ ❖ २०७९ मङ्सिर १२ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 November 28 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९०

## पर्सामा समानुपातिक मतगणनामा काङ्ग्रेस पहिलो

धर्मेन्द्र चौरसिया, पोखरिया, ११ मङ्सिर/

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा पर्सा जिल्लाबाट समानुपातिकतर्फ नेपाली काङ्ग्रेसले सबैभन्दा बढी मत ल्याएको छ ।

प्रतिनिधिसभाको समानुपातिकमा काङ्ग्रेसले ६६ हजार ६७५ मत प्राप्त गरेको छ। यसैगरी, दोस्रो स्थानमा नेकपा एमालेले ४२ हजार ९७५ र तेस्रोमा जनता समाजवादी पार्टी (जसपा)ले ३८ हजार ४२१ मत पाएको छ ।

यसैगरी, राप्रपाले २० हजार ८७३, नेकपा माओवादी केन्द्रले १३ हजार २७४ र राष्ट्रिय स्वतन्त्र पार्टीले सात हजार ५५१ मत पाएर क्रमशः चौथो, पाँचौं र छैटौं भएका छन् ।

नेकपा (एकीकृत समाजवादी)ले पाँच हजार ७३१, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले पाँच हजार ४३ र जनमत पार्टीले तीन हजार ९१९ मत पाएर सातौं, आठौं र नवौं स्थानमा छन् ।

यसैगरी, प्रदेशसभाको समानुपातिकमा नेकाले ६३ हजार ८६१ मत पाएर पर्सामा पहिलो स्थान बनाएको छ ।

जसपा ४१ हजार ६२७, एमाले ४१ हजार ३०७ मतसहित क्रमशः दोस्रो र



तस्वीरः फाइल

तेस्रो भएका छन् । राप्रपा १७ हजार १७३, माओवादी केन्द्र ११ हजार ३१३, जनमत पार्टी सात हजार २५४ मत पाएर क्रमशः चौथो, पाँचौं र छैटौं स्थानमा छन् ।

नागरिक उन्मुक्ति पार्टीले छ हजार ६६२, नेकपा (एकीकृत समाजवादी)ले छ हजार ९४, लोसपाले चार हजार ८०५ र नेपाल सङ्घीय समाजवादी पार्टीले चार हजार १८१ मत पाएका छन् ।

**२०७४ मा जसपा पहिलो**

२०७४ सालको आमनिर्वाचनमा पर्सा जिल्लाबाट समानुपातिकतर्फ प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यमा जसपा पहिलो स्थानमा थियो । उसले प्रतिनिधिसभामा ५३ हजार ८२१ र प्रदेशसभामा ५१ हजार २२० मत पाएको थियो ।

## निर्वाचन खर्च विवरण बुझाउन 30 दिनको समयसीमा

प्रस, वीरगंज, ११ मङ्सिर/

जिल्ला निर्वाचन कार्यालय, पर्साकी जिल्ला निर्वाचन अधिकारी रञ्जीता झाले सूचना प्रकाशित गरी निर्वाचन खर्चको विवरण बुझाउन अनुरोध गरेकी छन् ।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यहरूको अन्तिम मतपरिणाम सार्वजनिक भइसकेको र मतपरिणाम सार्वजनिक भइसकेका उम्मेदवारहरूले ३० दिनभित्र निर्वाचन खर्च विवरण उपलब्ध गराउन आग्रह गरिन् । सो अवधिमा खर्च विवरण उपलब्ध नगराउने उम्मेदवारहरूलाई प्रचलित कानून अनुसार कारबाई हुने उनले जानकारी गराएकी छन् । प्रतिनिधिसभा सदस्यको लागि प्रतिउम्मेदवार पर्सा क्षेत्र नं १ देखि ३ सम्म २७ लाख र क्षेत्र नं ४ मा २९ लाख रुपैयाँ खर्च तोकिएको थियो ।

यसैगरी, प्रदेशसभातर्फ पर्सा क्षेत्र नं ३ र ४ को (१)का प्रतिउम्मेदवारलाई १७ लाख र बाँकी क्षेत्रका उम्मेदवारलाई जनही रु १५ लाख खर्च सीमा तोकिएको र सोही अनुरूप खर्च विवरण उपलब्ध गराउन आग्रह गरिएको छ । यसअघि, स्थानीय निर्वाचनमा पर्सा जिल्लाबाट वडा



पर्सा जिल्ला निर्वाचन अधिकारी रञ्जीता झा । तस्वीरः फाइल

सदस्य, अध्यक्ष, उपप्रमुख, प्रमुख र जिल्ला समन्वय समितिका पदाधिकारीसमेत गरेर ४४ जनाले मात्र तोकिएको समयमा खर्च विवरण बुझाएका थिए ।

सोबाहेकका सम्पूर्ण निर्वाचित तथा पराजित उम्मेदवारहरूलाई निर्वाचन आयोगले पद अनुसारको जरिवाना गरेको थियो । न्यूनतम डेढ लाखदेखि साढे सात लाखसम्म जरिवाना गरिएको र छ महीनाभित्र सो जरिवाना तिर्नुपर्ने समयसीमा तोकिएको थियो ।

दण्डित भएका केही व्यक्तिहरू समानुपातिकको सूचीबाट हटाइए भने जरिवाना नतिर्नेहरूलाई आगामी छ वर्षसम्म निर्वाचनमा सहभागी हुन नपाउने र थप सजाय हुन सक्ने प्रावधान छ ।

## गरीब, विपन्नलाई ज्याकेट, कम्बल वितरण

प्रस, वीरगंज, ११ मङ्सिर/

सामाजिक सेवामा सक्रिय सुरेन्द्र



तस्वीरः सौजन्य

कुर्मी, ओमप्रकाश सर्राफलगायतको टोलीले शनिवार राति वीरगंजका विभिन्न स्थानमा सडकपेटीमा जीवनयापन गर्ने, रिक्शाचालक, भीखमाग्नेहरूलाई न्यानो कपडा वितरण गरेको छ ।

माईस्थानको गहवामाई मन्दिरमा भीखमाग्नेहरूलाई ज्याकेट वितरण गरिएको थियो भने विभिन्न स्थानमा रिक्शा चलाउनेहरूलाई पनि ज्याकेट वितरण गरिएको थियो । सामाजिक कार्यकर्ता सर्राफले शनिवार २५ थान ज्याकेट वितरण गरिएको बताए। कुर्मी प्रतिनिधिसभामा क्षेत्र नं २ बाट जसपाका उम्मेदवार थिए भने सर्राफ प्रदेशसभामा पर्सा क्षेत्र नं १ (२)बाट हाम्रो नेपाली पार्टीको उम्मेदवार भएर पराजित भएका थिए। दुवैजना सामाजिक कार्यमा सक्रिय रहँदै आएका छन् ।

यसैगरी, उपकार सेवा नेपालको सहयोगमा सोमवार जीराभवानी गाउँपालिकामा अग्निपीडितहरूलाई सामाजिक अभियन्ता प्रकाश थारूमार्फत त्रिपाल, कपडा र खाद्यान्न पठाइएको सर्राफले बताए। उपकार सेवा नेपालले पनि यसअघि वीरगंज-२ को लक्ष्मीनारायण टोल, ४ को भगवतीटोलमा रहेका विपन्न परिवारलाई कम्बल वितरण गरेको थियो।

## विवाह पञ्चमीमा मधेस प्रदेशमा सार्वजनिक बिदा

## भारतीय पर्यटकहरू वीरगंज नाका भएर भित्रिने क्रम जारी

नितेश कर्ण, वीरगंज, ११ मङ्सिर/

मधेस प्रदेशमा सोमवार मङ्सिर १२




विवाह पञ्चमीको मेला भर्न जनकपुर जान भारतबाट भित्रिएका पर्यटकहरू वीरगंज भन्सारमा । तस्वीरः प्रतीक

गते सार्वजनिक बिदा दिइएको छ। मधेस प्रदेशका मुख्यमन्त्री लालबाबूराउत गद्दीले आइतवार सूचना प्रकाशित गर्दै विवाह पञ्चमीको अवसरमा मधेस प्रदेशमा सार्वजनिक बिदा घोषणा गरिएको बताएका छन् ।

उनले त्रेतायुगमा माता सीता र रामको विवाह भएको स्मरणमा प्रत्येक वर्ष साताव्यापीरूपमा विवाह पञ्चमी मनाइने हुँदा सो कार्यमा सहभागी हुन आग्रह पनि गरेका छन् ।

यसैबीच, विवाह पञ्चमीलाई लक्षित गरेर भारतीय पर्यटकहरू नेपाल आउने क्रम बढेको छ। दुई दिनमा मात्र वीरगंज नाका भएर पाँच सयभन्दा बढी भारतीय ठूला-साना सवारीसाधनबाट विवाह पञ्चमीमा सहभागी हुन श्रद्धालु भक्तजन आएको वीरगंज भन्सार कार्यालयले

(बाँकी अन्तिम पातामा)

## निर्वाचित उम्मेदवारहरूलाई प्रमाणपत्र वितरण

प्रस, वीरगंज, ११ मङ्सिर/

पर्सा क्षेत्र नं ३ बाट प्रतिनिधिसभामा निर्वाचित एमालेका राजकुमार गुप्ता र प्रदेशसभामा निर्वाचित नेपाली काङ्ग्रेसका जनार्दनसिंह क्षत्री र स्वतन्त्र उम्मेदवार



तस्वीरः प्रतीक

प्रमोद जयसवाललाई निर्वाचन अधिकृतले प्रमाणपत्र दिएका छन् ।

प्रतिनिधिसभामा यो क्षेत्रबाट एमालेका गुप्ता १५१ मतले विजयी घोषणा भएका थिए तर मतपेटिकाबाट २७८ मत घटेको र सो मत समानुपातिकतर्फको मतगणनामा देखिएको विषयलाई लिएर विवाद भएको थियो। निर्वाचन अधिकृत योगनाथ ढकालले समानुपातिकतर्फ बरामद प्रत्यक्षतर्फको मतलाई गणना गर्दा १५१ मतले जितेका गुप्ताको मत बढेर १६७ भएको बताए ।

सोमवार बिहान यो क्षेत्रबाट निर्वाचित सांसद र प्रदेशसभा सदस्यलाई समानुपातिकतर्फको मतगणना सकिएपछि प्रमाणपत्र वितरण गरिएको हो ।

### दुर्घटनामा एकजनाको मृत्यु

प्रस, वीरगंज, ११ मङ्सिर/

मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा शनिवार राति एकजना युवकको मृत्यु भएको छ भने अर्का एकजना युवक घाइते भएका छन् ।

शनिवार राति ९:३० बजे वीरगंज महानगरपालिका-१४ नृसिंह माविनजीकै बाइपास सडकमा मधेस प्रदेश ०३-०२७ प ००९८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा वीरगंज महानगरपालिका-१२ मुर्ली बस्ने १९ वर्षीय

(बाँकी अन्तिम पातामा)

## कृषिकर्म र बिहेवारीका कारण सामुदायिक विद्यालयमा विद्यार्थी घटे

ओमप्रकाश चौधरी, सेढवा, ११ मङ्सिर/

पर्साका ग्रामीण किसानहरूको खेतीपातीमा कार्य व्यस्तता बढेसँगै सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको उपस्थिति कम हुन थालेको छ ।

जीराभवानी, पटेर्वासुगौली, जगरनाथपुर, धोबिनी, सखुवाप्रसौनी, छिपहरमाई गाउँपालिकाका सामुदायिक विद्यालयमा विद्यार्थीहरूको उपस्थिति न्यून छ । गण्डक नहरदेखि दक्षिणी भेगका किसान धानबाली कटानी गरी बोझा बनाउने, दाइँ गर्ने कार्यमा व्यस्त छन् । बालबालिकाहरूले घरको काममा सघाउनुपरेकाले विद्यालय जान छाडेको धोबिनी गाउँपालिका-३ का किसान हरिशङ्कर पटेलले बताए ।

पाँच/सात दिन कामको चटारो हुने हुँदा अभिभावकहरूले बालबालिकालाई विद्यालय पठाउन नसकेको उनको स्पष्टोक्ति छ । घरआँगनको सरसफाइ, बाख्रा चराउने, भाइबहिनीको रेखदेख,



तस्वीरः प्रतीक

पशुपक्षी हेर्ने, खाना पकाउने र खेतमा रहेका अभिभावकलाई खाना, नास्ता पुऱ्याउनेलगायतका घरेलु काममा व्यस्त भएकाले बालबालिकाहरू विद्यालय जान नसकेका हुन् ।

यसका साथै गाउँघरमा अहिले बिहेवारीको लगन हुँदा देखौवा, छेकालगायत भोजभतेरका कार्यक्रममा सहभागी हुनुपरेकाले पनि बालबालिकाहरू विद्यालय जान सकेका छैनन् । अहिले यस भेगका सामुदायिक विद्यालयहरूमा ५० प्रतिशतसम्म विद्यार्थी सङ्ख्या कम भएको नेरामावि भिखमपुरका शिक्षक अशोक साहले बताए ।

## विचारसार र सूक्तिहरू

**पैसा बाँच्नका लागि आवश्यक हुन्छ, हाँस्नका लागि त हमेशा मित्रको आवश्यकता पर्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# गहुँ बाली र किसानको बिचल्ली

**गहुँबाली मात्र होइन, कुनै पनि बाली लगाउने बेला किसानले बिचल्ली बेहोर्नुपरिरहेको छ । किसानको बिचल्ली फसल लगाउनुपूर्वदेखि फसल भित्र्याइसकेपछि पनि समाप्त हुँदैन । कुनै पनि फसल लगाउनका लागि पहिलो कुरा जमीन हो । खेती गर्ने अधिकांश किसानसँग जमीन छैन । भएको जमीन पनि सरकारको सस्तो लोकप्रियता पाउने लोभमा टुक्राटुक्रा भएको छ । यो टुक्रा जमीनले बढीमा निर्वाहमुखी किसानलाई सास धान्न सजिलो हुनेबाहेक अरू केही हुँदैन । त्यसपछि सिंचाइको कुरा आउँछ, देशमा शुरू प्रजातन्त्रदेखि सिंचाइ योजनाहरूको कार्यान्वयन हेर्ने हो भने सरकारले गफबाहेक केही गरेको देखिएको छैन, विदेशी सहयोगमा बनेका केही सिंचाइ योजनाबाहेक । त्यो पनि पूर्ण क्षमतामा पानी दिन सक्षम छैन र थोरै दिने पानी पनि 'का वर्षा जब कृषि सुखाने' खालको हुन्छ । अनि बीउ चाहियो, असल बीउ, धेरै उब्जनी हुने, धेरै उब्जनीका लागि मल चाहियो; प्राङ्गारिक वा कम्पोस्ट मल त सरकारी नीतिका कारण अप्राप्य भइसक्यो, रासायनिक मलमा कमिशन खोज्दाखोज्दै समय भिडकिसकेको हुन्छ ।**

**यति हण्डर बेहोरिसकेपछि फसल तयार भयो भने त्यसलाई काट्न र भित्र्याउन कृषि जनशक्तिको अभाव, हुरी–बतास र आगलागीको भय तथा पानी असिनाको आशङ्काले किसानको आधा सास भित्र र आधा बाहिर हुन्छ । जब फसल भित्रिन्छ, यसले किसानको आफ्नै परिवारको निर्वाह हुन उकुसमुकुस हुन्छ; त्यसैबाट नुन, तेल, लुगाफाटो, चाडपर्व, शिक्षा, औषधि कसरी धान्ने ? किनकि खेत जोत्ने सबैसँग आफ्नो जग्गा नहुँदा जग्गाधनीलाई पनि तिर्नैपर्छ । यसरी नेपाली किसानको योगदान आफूबाहेक अरूका लागि देखिएको छैन । यसरी देशलाई योगदान पुर्‍याउन नसकेको किसानप्रति सरकार, त्यो पनि सत्ताका लागि जस्तो पनि कलङ्कित काम गर्न पछि नहट्नेले के नै गर्ला र ! आफ्नो बलबूतामा किसानले यस विपरीत परिस्थितिमा पनि काम त गरि नै रहन्छ । नगदे बालीका रूपमा उखु लगाउँछ, अर्बौंपति चिनी मिलहरूलाई उखु बेच्छ, तर समयमा पैसा पाउँदैन, सङ्घर्ष गर्छ, जुलूस निकाल्छ, धर्ना बस्छ । मकै किसानले उचित बीउ नपाउँदा लहलह हुर्केको बोटमा घोघा नै लाग्दैन, लागे पनि दाना पर्दैन । किसानले केरा खेती गर्छ, हावाहुरीले सत्यानाश पार्छ, हेर्ने कोही छैन । फसल बीमा छैन, भए पनि पाइने थोरै क्षतिपूर्ति पाउन्जेल किसानको सास गइसकेको हुन्छ ।**

**किसान त कुनै पनि देशको जीवनदाता हो । छिमेकी भारतमा कस्तै पनि योगदान दिनेको नाम त्यति चलेको सुनिएको छैन, एकसेएक वैज्ञानिक, नामूद डाक्टर, तेजस्वी राजनीतिज्ञ, कालजीवी कलाकार, साहित्यकारबारे कुनै नारा बनेको देखिंदैन । तर 'जय जवान, जय किसान' भनेर देशको रक्षा गर्ने सैनिक र देशको पेट भर्ने किसानले ठूलो सम्मान र आदर पाएको हुन्छ । किसानलाई व्यक्तिको रूपमा कसैले नचिने पनि उसको कार्यको ठूलो सम्मान छ । भारत मात्र होइन, विश्वको कुनै पनि देशमा, नेपालजस्तोबाहेक किसानले सुप्त आदर पाउँछ, मानिसको अचेतनमा किसानप्रति कृतज्ञताको भाव हुन्छ । नेपालमा पनि किसानले त्यही काम गर्छ, तर उचित सहयोग र दृष्टिकोणको अभावमा आफ्नो सन्तानलाई हलो–कोदालो चलाउन विदेश पठाउँछ, त्यहाँबाट आएको पैसाले सरकारको इज्जत धान्न मदत पुर्‍याउँछ, अन्न खरीद गर्छ, सरकारलाई राजस्व बुझाउँछ । गर्छ मात्र, पाउने बेला केही पाउँदैन ।**

# उत्तेजना, तनाव र परीक्षाको तयारी

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**यदि तपाईमा जित्ने भावना छ भने कसैले तपाईंलाई हराउन सक्दैन । परीक्षाको तयारी भनेको क्रिकेटको त्यो तेज बल हो, जसलाई बैटले हलुका छुँदा छक्का नै हुन्छ तर अल्मलियो भने बोल्ड हुने सम्भावना बढी हुन्छ । सोच्नुहोस् के गर्दा बेस हुन्छ ।**

आज हरेक क्षेत्रमा कडा प्रतिस्पर्धा छ । यस कारण जुनसुकै परीक्षाले विद्यार्थीहरूमा उत्तेजना र तनाव हुनु स्वाभाविक हो, किनभने यसको प्रमुख कारण असफल हुने भय हो । यदि कुनै विद्यार्थीलाई आफ्नो लक्ष्य र स्वयंको कमी–कमजोरीबारे थाहा छ भने उसले सफलता हासिल गर्न केही विशेष क्षमता र तरीका अख्तियार गर्छ, जसले उसलाई राम्रो परिणाम दिलाउन मदत पुर्‍याउँछ । यस आलेखमार्फत परीक्षासँग सम्बन्धित यिनै कुराहरू विद्यार्थीमाझ छलफल गर्न खोजिएको हो ।

असफलताको सम्बन्ध अपमानसँग हुन्छ र कोही पनि अपमानित हुन चाहँदैन । यसको सकारात्मक पक्ष के हो भने विद्यार्थीहरूमा उत्तेजना र तनाव देखापर्नु एक प्रकारले राम्रो पनि हो, किनभने यसले उनीहरूलाई बढी परिश्रम गर्ने प्रेरणा दिन्छ । तर यसको नकारात्मक पक्ष के हो भने यसबाट उनीहरूमा कैयौं स्वास्थ्यसम्बन्धी समस्या देखापर्छ–जस्तै, टाउको र पेट दुख्नु, निद्रा र भोक नलाग्नु आदि । परिणामस्वरूप उनीहरूको स्मरण शक्ति क्षीण हुन थाल्छ ।

परीक्षाको उत्तेजना र तनाव हटाउने एउटै उपाय हो आत्मविश्वासमा वृद्धि । यो अनुशासन र राम्रो तयारीबाट मात्र प्राप्त हुन सक्छ । आत्मविश्वास वृद्धि गर्ने अर्को तरीका नियमित विषयगत अभ्यास गर्नु पनि हो । यसका लागि किताबी कीडा मात्र पनि बन्नुहुन्न । उत्तेजना र तानावबाट बच्नका लागि विद्यार्थीहरूले अनेक प्रकारका गतिविधिमा शामिल हुनुपर्छ साथै बीचबीचमा आराम पनि गर्नुपर्छ । यसको लागि विद्यार्थीहरूले सुव्यवस्थित र सन्तुलित दैनिक कार्यतालिका र आहारतालिका बनाउनु नितान्त आवश्यक हुन्छ । कहिलेकाहीं हतारमा तनावबाट मुक्ति पाउनका लागि विद्यार्थीहरूले केही औखति पनि लिन्छन् जुन केही क्षणका लागि लाभदायक भए तापनि पटक–पटकको सेवनले यसको लत बस्ने सम्भावना बढी भएकोले विद्यार्थीको हकमा उचित हुँदैन ।

विद्यार्थीहरूले आत्मविश्वास गुमाउनुको अर्को कारण साथीहरूसँग आफ्नो तुलना गर्नु पनि हो । प्रायः परीक्षा पूर्व के देखिएको छ भने विद्यार्थीहरू आफ्नो क्षमतालाई ध्यानमा नराखी साथीहरूको लहलहैमा लाग्न थाल्छन् र साथीहरूको कुरा सुनेर आफ्नो तयारीप्रति शङ्का–उपशङ्का गर्न थाल्छन् । यस परिवेशको शिकार हुनबाट जोगिनुपर्छ र आफ्नो सम्पूर्ण ध्यान तयारीमा मात्र केन्द्रित गर्नुपर्छ । यदि कुनै समस्या छ भने अभिभावक वा शिक्षहरूसँग सल्लाह लिनुपर्छ ।

परीक्षासम्बन्धी भयको पछाडि अभिभावक, विद्यालय, शिक्षक, सञ्चार र स्वयं विद्यार्थी पनि दोषी छन् । अभिभावकहरूको विद्यार्थीबाट क्षमताभन्दा बढी अङ्कको चाहना, परीक्षा सम्बन्धमा विद्यालयद्वारा विद्यार्थीहरूलाई मार्ग निर्देशनको अभाव, सञ्चारद्वारा परीक्षा सम्बन्धमा गलत समाचार सम्प्रेषण, शिक्षकले विद्यार्थीलाई ट्युशनमुखी बनाउन कक्षामा राम्ररी नपढाइदिने र स्वयं विद्यार्थीद्वारा नियमित कक्षामा उपस्थित नहुने र नबुझेका कुरा शिक्षकहरूसित नसोध्ने आदि प्रवृत्तिले पनि विद्यार्थीहरूलाई भयभीत बनाइराखेको हुन्छ । भय निदानको कुनै ओखति छैन । आफूमा विश्वास हुनु, आलोचनालाई नकारात्मकरूपमा नलिनु, 'राम्रो गर्न सक्छु' भन्ने विश्वास राख्नुले पनि परीक्षाको भयलाई मत्थर पार्न सकिन्छ ।

प्रत्येक वर्ष परीक्षार्थीहरूको सङ्ख्यामा वृद्धिले गर्दा विद्यार्थीहरूको आवश्यकता परिपूर्ति गर्ने नाउँमा अनेक किसिमका धन्धा चलेका छन् । यस कारण आफ्नो परिस्थितिलाई ध्यानमा राखी के बुझ्नु आवश्यक छ भने के यस्ता मदतले परीक्षामा राम्रो परिणाम हासिल हुन सक्छ ? हुनत यस क्षेत्रको मुख्य उद्देश्य नै परीक्षाको लागि तयार गर्नु हो तर त्यस्तो मदत लिनुपूर्व त्यसलाई बुझ्न पनि त्यति नै आवश्यक छ ।

परीक्षाको बेला विभिन्न प्रकाशनबाट प्रकाशित गेसपेपरहरूले पनि विद्यार्थीहरूको तयारीलाई भ्रममा पार्ने काम गरेको मेरो अनुभव रहेको छ । किनभने विद्यार्थीहरूले पहिले गरेको तयारीको अनुगमन नगर्दा गर्दै हतारमा गेसपेपरको भरमा नयाँ तयारी थालनी गर्दछन् । परिणामस्वरूप परीक्षापूर्व विद्यार्थीहरूको मनोविज्ञानलाई राम्ररी बुझेका व्यापारीहरूको गेसपेपरको बजार फस्टाउँछ । उनीहरू त मालामाल हुन्छन्, तर हरेक वर्षको उत्तीर्णाङ्क प्रतिशतले विद्यार्थीहरू कङ्गाल हुने गरेको कुरा प्रमाणित गरेको छ ।

परीक्षाको तयारी गर्ने क्रममा आउने समस्याको समाधान तत्काल गर्नुपर्दछ । कुनै पनि समस्याको समाधान 'भोलि' माथि टार्नु उचित हुँदैन । यसले गर्दा परीक्षामा अल्मलिने सम्भावना बढी हुन्छ । जसरी पाकेको फसल काट्नुपूर्व आएको हुरीबतासले वा समयानुसार मलजलको अभावले बाली सखाप पार्न सक्छ त्यसैगरी विद्यार्थीहरूको मनोविज्ञान र सन्तुलित आहारप्रतिको लापरवाहीले गर्दा पनि सालभरि अभिभावकले गरेको लगानी खेर जान सक्दछ । त्यसैले विद्यार्थीहरूलाई हतोत्साहित गर्ने कार्य कुनै पक्षले गर्नुहुन्न भन्ने कुरामा सबै पक्ष सचेत हुनैपर्छ ।

परीक्षाको तयारी गरिरहेका विद्यार्थीहरूलाई बढी ऊर्जा आवश्यक पर्दछ । यस कारण विद्यार्थीहरूले शारीरिक व्यायाम–बिहान घुम्ने, मेडिटेशन वा श्वाससँग सम्बन्धित योग गर्नुपर्छ । बढी मसला भएको खाना खानुहुँदैन । हरियो सागसब्जी र फलफूल खानु र सूर्योदयपूर्व जाग्नु विद्यार्थीहरूका लागि बढी लाभदायक हुन्छ ।

यसबाहेक तपाईंलाई सहयोग गर्ने स्रोत को–को र के–के हुन सक्छ, त्यसबारे पत्ता लगाउनुपर्छ । के–के गर्ने हो, त्यसको सूची तयार गर्नुपर्छ । बिहान कसरी अध्ययन गर्ने, बेलुका के–के गर्ने, विश्राम कुन बेला गर्ने, कति समयलाई कुन काम गर्ने आदि, तालिका बनाएर अध्ययन कक्षमा झुन्ड्याउनुपर्छ । यस प्रकार भोलिका लागि तयार भई सुत्नुपर्छ ।

हुनत विद्यालय वा क्याम्पसमा एउटा निश्चित पाठ्यक्रम अनुसार पढाइ हुने गर्छ तर परीक्षाको लागि खास दक्षता प्रदान गर्न विद्यालय र क्याम्पसले सकिरहेका छैनन् । यस कमीलाई पूरा गर्न सानो होस् वा ठूलो सबै ठाउँमा कोचिङ्ग केन्द्रहरू खुलेका छन् । तर आजभोलि यो एउटा व्यापारको रूपमा विकसित हुँदै गएको छ । यस कारण त्यसबारे राम्ररी बुझ्नु आवश्यक छ, अन्यथा पैसा र समय दुवै खेर जाने सम्भावना रहन्छ ।

वर्तमानमा इन्टरनेट, सूचना र ज्ञानको असीमित स्रोतको रूपमा देखा परेको छ । जोसँग आफ्नो क्म्प्युटर छैन, उसले पनि साइबर कैफेमा गई यसबाट लाभ उठाउन सक्छ । यस कारण यी साइटहरू– www.howtostudy.com, www.mathgoodies.com, www.free.ed.net, www.worldwidelearn.com, www.wickipedia.com, www.allexperts.com को पनि सहायता लिन सकिन्छ । परीक्षामा सफलता हासिल गर्न कुनै पनि सहयोगले लाभ हुन्छ तर स्वाध्ययन र कडा परिश्रम चाहिं निर्विकल्प छ । यस कारण सहयोग त लिनोस् तर त्यसमाथि निर्भर चाहिं नहुनुहोस् ।

परीक्षाको तयारी गर्दा अध्ययनपश्चात् बचेको खाली समयको सदुपयोग बुद्धिमानी साथ गर्नुपर्छ । यस समयलाई तयार गरिएको नोट्सहरूको अध्ययनमा बिताउनुपर्छ । नबुझेका कुरा सोध्नुपर्छ । चौबीस घण्टामा भएका गलती संशोधन गर्न खर्च गर्नुपर्छ । कक्षामा पढाइएका विषयका प्रमुख शब्दहरूको तल रेखा तान्न बिताउनुपर्छ । यस समयलाई आफ्नो क्रियाकलापको समीक्षा गर्न खर्च गर्नुपर्छ । आफ्नो समयल अझ कति राम्ररी प्रयोग गर्ने भन्ने सम्बन्धमा मापदण्ड तयार गर्न व्यतीत गर्नुपर्छ । यो तपाईंमाथि निर्भर छ कि खाली समयको उपयोग कसरी गर्नुहुन्छ, किनभने परीक्षामा राम्रो अङ्क हासिल गर्न समयलाई वशमा गर्नु नितान्त आवश्यक छ ।

परीक्षाको तयारी गर्ने क्रममा दुईवटा कठिन विषयको बीचमा एउटा सजिलो विषय पढ्नुपर्छ । कठिन लाग्ने विषयको पुनरावृत्ति गर्न अप्ठेरो भइरहेको छ भने त्यसलाई बुँदागतरूपमा वर्गीकृत गरेर पढ्दा सजिलो हुन्छ । दिनभरि पढेको विषय राति सुत्ने बेला एकपटक सरसर्ती सम्झने अभ्यास गर्दा बिर्सने बानी सुधार्न सकिन्छ । जुन पाठ आज पढ्न शुरू गरियो त्यसलाई आजै समाप्त गर्ने कोशिश गर्नुपर्छ । कहिलेकाहीं आफूलाई सजिलो लाग्ने विषय बढी पढ्ने र कठिन विषयमा कम ध्यान दिंदा गलत परिणाम हात लाग्छ, यो भनेको आफ्नो खुट्टामा आफैं बन्चरो हान्नुजस्तै हो ।

हुनत त यस्तो कुनै सटीक फर्मूला छैन, जसबाट सजिलै परीक्षामा राम्रो परिणाम हासिल हुन सकोस्, तर माथि उल्लिखित थुप्रैससाना यस्ता कुरा छन् जसको नियमितताले सफलता सजिलै हासिल हुन सक्छ । कहिलेकाहीं तपाईंले सोचेको जस्तो सफलता हासिल न पनि हुन सक्दछ, तर तपाईंलाई निराश हुने आवश्यकता छैन । त्यहीं कहिलेकाहीं बढी आत्मविश्वासले पनि तपाईंलाई असफलताको सामना गर्नुपर्ने स्थिति सृजना हुन सक्दछ । यदि तपाईं असफलता स्वीकार गर्नुहुन्न भने कहिले पनि असफल हुन सक्नुहुन्न । यस कारण सधैं नयाँ कुरा राम्रो तरीकाले गर्ने बानी बसाल्नुहोस् । तपाईं परीक्षामा कुन ग्रेड हासिल गर्न चाहनुहुन्छ, यो तपाईंमाथि निर्भर छ किनभने परीक्षामा सफलता वा असफलताको जिम्मेवार तपाईं स्वयं हुनुहुन्छ । यदि तपाईमा जित्ने भावना छ भने कसैले तपाईंलाई हराउन सक्दैन । परीक्षाको तयारी भनेको क्रिकेटको त्यो तेज बल हो, जसलाई बैटले हलुका छुँदा छक्का नै हुन्छ तर अल्मलियो भने बोल्ड हुने सम्भावना बढी हुन्छ । सोच्नुहोस् के गर्दा बेस हुन्छ ।

# चलचित्रकर्मी : प्रत्यक्षमा न्यून उपस्थिति, समानुपातिकमा के होला ?

काठमाडौं, ११ मङ्सिर/रासस

यही मङ्सिर ४ मा सम्पन्न निर्वाचनमा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यमा फिल्मकर्मीहरूले दिएको उम्मेदवारीको राम्रै चर्चा भयो । प्रायः दलको प्रचारप्रसारमा मात्र देखिने फिल्मकर्मीहरू यसपटक चुनावी मैदानमा देखिए । रिल लाइफबाट चुनावी मैदानमा होमिने कलाकारको सङ्ख्या उच्च थियो ।

यद्यपि सफलता पाउनेको सङ्ख्या निकै कम छ । प्रत्यक्षको तुलनामा समानुपातिकमा फिल्मकर्मी सांसद बन्ने सम्भावना बढेको छ । राष्ट्रियसभा सदस्य रहिसकेकी गायिका कोमल वलीले नेकपा (एमाले)बाट दाङको निर्वाचन क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएकी थिइन् । उनलाई नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री दीपक गिरीले पराजित गरे । गायिका वलीले २९ हजार ९२ मत प्राप्त गर्दा निर्वाचित गिरीले ३६ हजार ९११ मत प्राप्त गरे । राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट मोरङ क्षेत्र नं ३ मा उम्मेदवारी दिएकी अभिनेत्री रेखा थापा १० हजार ९९८ मत प्राप्त गर्दै तेस्रो स्थानमा सीमित भइन् ।

सो क्षेत्रमा नेपाली काङ्ग्रेसका सुनीलकुमार शर्मा निर्वाचित भए । काभ्रे–२ बाट स्वतन्त्र उम्मेदवारी दिएका फिल्म निर्देशक तथा समीक्षक मनोज पण्डितले १७३ मत मात्र प्राप्त गरे । उनले आफूले प्राप्त गरेको मतको सम्मान गर्दै सक्रियता बढाउने बताए । "उम्मेदवारी दण्डहीनताका विरुद्ध थियो । सामाजिक व्यवस्थापनका लागि आवाज सधैं उठाइरहनेछु," निर्देशक पण्डितले भने ।

काठमाडौं क्षेत्र नं ६ बाट स्वतन्त्र उम्मेदवारी दिएका गायक सञ्जय श्रेष्ठले ५७७ मत मात्र प्राप्त गरे । सो क्षेत्रबाट राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार शिशिर खनाल निर्वाचित भए । काठमाडौं क्षेत्र नं १ को प्रदेश (२)मा लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल (लोसपा)बाट उम्मेदवारी दिएका फिल्म अभिनेता, निर्माता तथा वितरक करण श्रेष्ठले ६७ मत मात्र प्राप्त गरे ।

"यसपटक प्रत्यक्ष निर्वाचनमा उम्मेदवारी दिनुभएका फिल्मकर्मीले केही न केही सिक्नुभएको छ, चुनावी मैदानको सिकाइले आउँदो समयमा यस क्षेत्रमा विकास गर्न र एकताबद्ध हुन मदत गर्नेछ," वितरक श्रेष्ठले भने । सो क्षेत्रबाट नेपाली काङ्ग्रेसका उम्मेदवार सुरजचन्द्र लामिछाने निर्वाचित भए ।

यस्तै, कमेडियन हिमेश पन्त, टेलिभिजन शृङ्खला 'सक्किगो नि'मा 'सिते बा'को भूमिकाबाट परिचित मधुसूदन पाठक, कलाकार सम्राट सापकोटा, कलाकार राज तिमल्सेनाले निर्वाचनमा हार बेहोर्नुपर्‍यो । प्रत्यक्ष निर्वाचनमा नेपाली काङ्ग्रेसका तर्फबाट प्रदेशसभा सदस्यतर्फ धादिङको क्षेत्र नं १ को (१)बाट उम्मेदवारी दिएका निर्माता तथा अभिनेता मधुकुमार श्रेष्ठ र प्यूठान–१ को (२)बाट प्रदेशसभा सदस्यतर्फ उम्मेदवारी दिएका फिल्म निर्माता तथा अभिनेता रोज राणा (सरोज थापा) निर्वाचित भएका छन् । निर्माता श्रेष्ठले १७ हजार ८३२ र निर्माता राणा २२ हजार ५१९ मत प्राप्त गर्दै निर्वाचित भएका हुन् ।

नेपाली काङ्ग्रेसको शुभेच्छुक संस्था नेपाल सांस्कृतिक सङ्घबाट राजनीतिमा समेत सक्रिय रहेका 'जोगिन्दर' को उपनामले परिचित हास्य कलाकार शिवशङ्कर रिजाल आउँदो निर्वाचनमा कलाकर्मी चुनावी मैदानमा बढ्ने देख्छन् । "कलाकारलाई प्रचारप्रसारका लागि मात्र नभई जनताको सेवा गर्न योग्य ठान्ने

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# १३ महिलासहित ५६ जनाद्वारा रक्तदान



प्रस, वीरगंज, ११ मङ्सिर/

छिमेकी लघुवित्त वित्तीय संस्था लिमिटेडको वार्षिकोत्सवको अवसरमा सोमवार आयोजित रक्तदान कार्यक्रममा १३ जना महिलासहित ५६ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

रश्मी खनाल, सुनीता कार्की, सोनु दाहाल, सुनीता योञ्जन, नानु गुरुङ, राजेश चौधरी, श्रीराम साह कानू, सुरेश अर्याल, विशाल खरेल, कुमार तिमल्सिना, जीतेन्द्रप्रसाद पौडेल, लक्ष्मण क्षत्री, सञ्जय दास थारू, जयकिशोर सहनी, अमित चौधरीलगायतले रक्तदान गरेका थिए ।

यसैबीच, रक्तसञ्चार केन्द्र, वीरगंजमा अहिले रगतको अभाव रहेको प्राविधिक प्रमुख पाण्डेले बताए । उनले दशैंदेखि छठसम्म चाडपर्व परेको र त्यसपछि चुनावका कारण रक्तदान कार्यक्रम प्रभावित भएकोले वीरगंजमा रगतको अभाव भएको बताए । रगतको अभाव हुन नदिन उनले रक्तदान गर्दै आएका सङ्घसंस्थाहरूलाई रक्तदान कार्यक्रम गर्न आग्रह गरेका छन् । केन्द्रमा दैनिक ७० पिन्ट रगत आवश्यक पर्ने बताउँदै अहिले सोधभर्नाको माध्यमबाट मात्र रगतको आपूर्ति हुँदै आएको उनले जानकारी गराए ।

# धादिङमा अनौठो जात्राः तामझामसित माइत झरिन् त्रिपुरासुन्दरी

-शङ्कर श्रेष्ठ
मलेखु, ११ मङ्सिर/रासस

अघिअघि पञ्चेबाजासँगै नाङ्गो खुँडा, खुकुरी बोकेका युवा । त्यसपछि दियो, कलश, शङ्ख, घण्टसहितका नरनारी, प्रहरी र भक्तजनले बनाएको हाते साङ्लोको घेराभित्र लामो कपाल मात्र देखिने प्रतिमूर्ति । सयौं मानिस बाटोको दायाँबायाँ बसेर पूजापाठ र अबीर जात्रा गर्दै थिए । धादिङको त्रिपुरासुन्दरी गाउँपालिकाको वडा नं ४ सल्यानकोटबाट त्रिपुरासुन्दरी भगवतीको प्रतिमूर्तिलाई त्रिपुरासुन्दरी गाउँपालिकाकै वडा नं ६ हाँसेबजारस्थित माइथानबेंसीमा यसरी तामझामसित सारिन्छ ।

भगवतीको प्रतिमूर्तिलाई एक वर्षभित्र घर, माइती र मावली गरी तीन ठाउँमा पूजापाठ गर्ने अनौठो र रोचक परम्परा छ । यही परम्परा अनुसार आज बिहान भगवतीको घर सल्यानकोट डाँडाको मन्दिरबाट माइतीको रूपले चिनिने माइथानबेंसीको मन्दिरमा सारिएको हो । अझ रोचक त के छ भने बाकसभित्र राखिएको भगवतीको प्रतिमूर्तिलाई भक्तजनले हेर्न र छुन पनि नपाइने परम्परा छ । भगवतीमाईको दर्शनका लागि बाटो कुरेर बसेका स्थानीय कृष्णबहादुर थापाले भने, "पहिलेदेखिकै परम्परा यही हो । भगवान्लाई छुन हेर्न पाइँदैन, बाहिरबाटै दर्शन गर्ने फूल अक्षेता चढाउने हो ।"

देवीको दर्शन गर्न सयौंको सङ्ख्यामा भक्तजन मध्यरातिदेखि नै बाटो ढुकेर बसेका थिए । मूर्ति देख्न र छुन नपाए पनि गल्लीगल्लीमा जम्मा भएका भक्तजनले टाढैबाट दर्शन गरिरहेका थिए । बडादशैंको चतुर्थीको दिन पूर्वतर्फ दशैं घरबाट मूल मन्दिर सल्यानकोट सारिएको मूर्तिलाई आइतवार बिहानै न्वाँघी घर आगिञ्चोक हाँसेबजार मन्दिरमा सारिएको हो । रानामगर, तिमिल्सिना र सापकोटा थरका पुजारीले त्रिपुरासुन्दरी भगवतीमाईको मूर्तिलाई पिठ्यूँमा बोकेका थिए । वर्षमा तीनपटक मूर्तिलाई यसरी नै बोकेर मन्दिर सार्ने गरिन्छ । रानामगर थरका स्थानीय पुजारी, सापकोटा र तिमल्सिनाबाहेक


तस्वीरः रासस

अरू कसैले हेर्न र छुन नपाउने परम्परा छ । यी तीन जातिबाहेक मन्दिर पुग्ने जोसुकैले पनि मन्दिरको मूल ढोकाबाटै भगवतीलाई पूजाआजा गर्नुपर्ने नियम छ । यहाँ आइपुग्ने भक्तजनले आफ्नो मनोकाङ्क्षा पूरा गर्न परबाट नै देवीलाई फूल अक्षताले पूजा गर्ने स्थानीय अगुवा कृष्णकुमार श्रेष्ठले बताए ।

विवाहित नेपाली नारीले धेरैजसो समय आफ्नो कर्मघरमा बिताउनुपर्ने, दशैंतिहार जस्ता चाडबाडमा मामाघर जानुपर्ने र हिउँदमा फुर्सद मिल्ने भएकाले केही बढी समय माइतीमा बस्न पाउने चलनसँग भगवतीका विभिन्न मन्दिरको बसाइलाई तुलना गरिएको छ । सोही परम्परा अनुसार सल्यानकोटमा रहेको दुईवटा मन्दिरमध्ये घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म भगवतीलाई पूर्वपट्टिको मन्दिरमा राखेर पूजाआजा गरिन्छ । जुन मामाघरका रूपमा प्रसिद्ध छ । स्थानीय पुजारी अर्जुन सापकोटाका अनुसार मङ्सिरदेखि चैतसम्म भगवतीलाई आगिञ्चोक गाविसस्थित बेंसीको मन्दिरमा राखिन्छ । जुन भगवतीको माइतीका रूपमा चिनिन्छ । सल्यानकोटकै पश्चिम थुम्कामा रहेको अर्को मन्दिरमा राखेर वर्षमा आठ महीनाभन्दा बढी समय भगवतीलाई त्यही पूजाआजा गरिने चलन छ ।

मङ्सिर महीनाको विशेष तिथि पारेर आइतवार गाउँको मन्दिरबाट बेंसीको मन्दिरमा भगवतीलाई ल्याइँदै गर्दा भक्तजनले बाटोमा नै भगवतीको दर्शन र पूजापाठ गरेका थिए । रानामगर थरका पुजारीले मात्र छुन मिल्ने त्यस मूर्ति कस्तो आकारको छ वा त्यस बाकसभित्र के छ भनेर आम सर्वसाधारणले अहिलेसम्म देख्न पाएका छैनन् । "प्रत्येक वर्ष मेला हेर्न आउँछौं, तर छुन हेर्न पाइने भन्ने हुँदैन । परम्परादेखि नै चलिआएको चलन हो, हामी यो परम्परा बदल्न सक्दैनौं," मेला हेर्न आएकी अप्सरा खड्काले भनिन् ।

नेपाल एकीकणाका बेला पृथ्वीनारायण शाहले छिमेकी जिल्ला गोरखाबाट नुवाकोट आक्रमण गर्न जाँदा यही मन्दिर छेउमा बास बसेको र राति सपनामा एक बालिकाले आशीर्वाद दिएको प्रसङ्ग दिव्योपदेशमा उल्लेख छ । तर भगवतीको माइतीका रूपमा परिचित माइथानबेंसीको मन्दिर राष्ट्रिय गौरवको बूढीगण्डकी जलविद्युत् आयोजनाले प्रभावित बन्ने भएको छ । सरकारले व्यवस्थित ढङ्गबाट स्थानान्तरण गरेर पर्यटकीय क्षेत्रका रूपमा विकास गर्नुपर्ने स्थानीय बताउँछन् ।

जिल्ला सदरमुकाम धादिङबेंसीबाट ४० किलोमिटर उत्तरतर्फ पर्ने यो मन्दिरमा जात्रा हेर्नका लागि छिमेकी जिल्ला गोरखा, नुवाकोट, चितवन, काठमाडौंलगायतका ठाउँबाट भक्तजन आउने गर्दछन् । मङ्सिर महीनामा त्रिपुरासुन्दरी गाउँपालिका-४ सल्यानकोट डाँडाको मन्दिरबाट भगवतीको मूर्तिलाई बाकसभित्र राखी पिठ्यूँमा बोकेर करीब तीन घण्टाको पैदल दूरीमा पुगिने त्रिपुरासुन्दरी गाउँपालिका-६ माइथानबेंसीको मन्दिरमा ल्याइन्छ । यसरी देवीलाई माइत झारेसँगै यो वर्षको जात्रा सकिने गर्दछ ।

# विद्यालयको कार्यालयमा आगजनी


तस्वीरः प्रतीक

बलिराम शुक्ला, बिरुवागुठी, ११ मङ्सिर/

बहुदरमाई नगरपालिका-५ बर्वा गाउँस्थित मनकामना प्राविको कार्यालयमा गएराति अज्ञात समूहले आगजनी गर्दा लाखौं मूल्य बराबरको क्षति भएको छ ।

राति करीब १ बजे अज्ञात समूहले कार्यालयको ताला फोडी आगजनी गर्दा कम्प्युटर तीन थान, प्रिन्टर एक थान र कार्यालयमा रहेको पाठ्यपुस्तक जलेर नष्ट भएको छ । यसैगरी, चोरले विद्यालयमा रहेको ३२ इन्चको एलइडी टेलिभिजन चोरेर लगेको छ । चोरहरूले करीब सात लाख बराबरको क्षति पुऱ्याएको प्रधानाध्यापक देवचनप्रसाद यादवले बताए ।

आगलागी भएको स्थानीयले थाहा पाएपछि निभाएका थिए । इलाका प्रहरी कार्यालय, पोखरियाले घटनामा संलग्नहरूको खोजी भइरहेको बताएको छ ।

# शीतभण्डार निर्माण अलपत्र

राजविराज, ११ मङ्सिर/रासस

सप्तरीको राजविराज नगरपालिका-१५ स्थित देउरी भारुवामा फलफूल र तरकारीका लागि निर्माण थालिएको शीतभण्डार अहिले अलपत्र अवस्थामा रहेको छ ।

जिल्ला सहकारी सङ्घ लिमिटेडमार्फत नगरपालिकालाई हस्तान्तरण गरिएको उक्त शीतभण्डारको विगत अढाई वर्षदेखि निर्माण कार्य पूर्णरूपले ठप्प रहेको पाइएको छ । नगरपालिकाले वडा नं १५ देउरी भरुवामा शीतभण्डार निर्माणका लागि एक बिघा जग्गा दिए पनि ठेकेदारको लापरवाहीले गर्दा समयमा निर्माण हुन सकिएको छैन ।

सो शीतभण्डारको क्षमता तीन हजार मेट्रिकटन रहेको छ । जिल्ला सहकारी सङ्घले सहकारी संस्थाको व्यवस्थापन विस्तार एवं यहाँ उत्पादित कृषि उपजको भण्डार र व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले कार्य अगाडि बढाइएको थियो । विसं २०७५ फागुनमा शिलान्यास गरी निर्माण थालिएको शीतभण्डारको काम ३० प्रतिशत मात्र भएको छ ।

शीतभण्डार निर्माणको कामको शर्मा आशिष ओम साईंराम, सानोठिमीले ठेक्का लिएको छ । सङ्घका प्रबन्धक रमेशप्रसाद गुप्ताले शीतभण्डारबाट हजारौं किसानले लाभ लिन सक्ने जनाउँदै शीघ्र निर्माण सम्पन्न गर्न पहल गर्नुपर्ने बताए ।

सङ्घीय सरकारले बजेट निकासा नगरेका कारण काम रोकिएको उनले जानकारी दिए । उनले भने, "सङ्घीय र प्रदेश सरकारले समयमा अनुदान रकम दिएका छैनन्, सङ्घीय सरकारको ६०, सङ्घसंस्थाको २० तथा स्थानीय तथा प्रदेश सरकारको २० प्रतिशत रकम रहनेगरी शीतभण्डारको निर्माण थालिएको थियो ।"

सङ्घीय सरकारले समयमा शीतभण्डारका लागि बजेट नदिएका कारण निर्माण व्यवसायीले समेत भुक्तानी नपाएको भन्दै काम रोकिएको जनाएको छ । तराईको नवलपरासी र सप्तरीको देउरी भरुवामा एकै समयमा निर्माण थालिएको शीतभण्डार नवलपरासीमा निर्माण सम्पन्न भइसकेको बताइएको छ । यहाँ सरकारले समयमा बजेट नदिएका कारण निर्माणमा अवरोध भएको सहकारी सङ्घका निर्देशक गुप्ताको भनाइ छ ।

अहिले शीतभण्डारका लागि जग्गामा माटो भराइ, पर्खाल र फलामको पिलर ठड्याउने कामबाहेक अरू काम अगाडि बढ्न नसकेको स्थानीयवासीले बताएका छन् ।

स्थानीय रामकुमार यादवले किसानको आशाका रूपमा रहेको शीतभण्डार समयमा निर्माण हुन नसकेका कारण आफूहरू निराश भएको बताए । किसानको हितमा निर्माण भइरहेको यो शीतभण्डार राजनीतिक कारण पछाडि परेको भन्दै यहाँ र आसपासमा उब्जाएका तरकारी कतै राख्ने ठाउँ नभएको उनले गुनासो गरे ।

जिल्लामा एकमात्र निर्माण थालिएको शीतभण्डार बजेट अभाव भएको भन्दै निर्माण नै ठप्प पारेपछि किसानको आशा निराशामा परिणत भएको अर्का सोही ठाउँका किसान हरिकुमार मण्डलले बताए ।

विसं २०७५ मङ्सिर १५ मा जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र तत्कालीन मधेस प्रदेशका कृषिमन्त्री शैलेन्द्रप्रसाद साहले यहाँका शीतभण्डारको शिलान्यास गरेका थिए ।

# पहिलो चौमासिकमा आयकर र भ्याट सङ्कलन लक्ष्यभन्दा कम

काठमाडौं, ११ मङ्सिर/रासस

चालू आर्थिक वर्ष २०७९/८० को पहिलो चौमासिक अवधिमा आयकर र मूल्य अभिवृद्धि कर (भ्याट) सङ्कलन लक्ष्यभन्दा न्यून देखिएको छ । आन्तरिक राजस्व विभागको तथ्याङ्क अनुसार कात्तिक मसान्तसम्ममा अन्तःशुल्कतर्फको राजस्व मात्रै लक्ष्य अनुसार सङ्कलन भएको देखिएको हो ।

विभागका अनुसार आयकर पहिलो चौमासिक लक्ष्यको ८१ दशमलव नौ प्रतिशत बराबर सङ्कलन भएको छ । कात्तिक मसान्तसम्ममा रु ४८ अर्ब ९१ करोड सात लाख ५८ हजार आयकर सङ्कलन गर्ने सरकारी लक्ष्य छ । यो अवधिसम्मको वास्तविक आयकर सङ्कलन भने रु ३८ अर्ब २९ करोड ६६ लाख ५३ हजार रहेको छ ।

गत आव २०७८/७९ को पहिलो चौमासिकमा रु ४७ अर्ब २२ करोड ९० लाख ९६ हजार आयकर सङ्कलन भएको थियो । पहिलो चौमासिकमा भ्याट सङ्कलन पनि लक्ष्यभन्दा न्यून छ । कात्तिक मसान्तसम्ममा रु ४१ अर्ब ९४ करोड ७६ लाख ६० हजार भ्याट सङ्कलन गर्ने सरकारी लक्ष्य रहेकामा रु ३४ अर्ब ४७ करोड ८४ लाख १९ हजार बराबर मात्रै सङ्कलन भएको हो ।

त्यो पहिलो चौमासिक लक्ष्यको ८२ दशमलव १९ प्रतिशत बराबर हो । यो अवधिमा अन्तःशुल्कतर्फको राजस्व लक्ष्य भने भेटिएको छ । चालू आर्थिक वर्षको कात्तिक मसान्तसम्ममा रु ३० अर्ब ६५ करोड ३८ लाख चार हजार अन्तःशुल्क सङ्कलन गर्ने लक्ष्य राखिएकामा रु ३४ अर्ब ६० करोड ७२ लाख ४२ हजार सङ्कलन भएको हो ।




सो सङ्कलन पहिलो चौमासिक लक्ष्यको ११२ दशमलव ९२ प्रतिशत बराबर हो । त्यस्तै, घरबहाल कर लक्ष्यको ६९ दशमलव ७४ प्रतिशत बराबर मात्रै उठेको छ । कात्तिक मसान्तसम्ममा रु एक अर्ब ६९ करोड १३ लाख घरबहाल कर उठाउने विभागको लक्ष्य छ । यो अवधिमा रु ६४ करोड ४२ लाख तीन हजार बराबर मात्रै उठेको हो । शिक्षा सेवा कर पनि लक्ष्यभन्दा न्यून छ । यो अवधिसम्ममा रु ५३ करोड २३ लाख ५२ हजार शिक्षा कर उठाउने लक्ष्य रहेकामा रु ५० करोड ८६ लाख ९५ हजार मात्रै उठेको छ । स्वास्थ्य सेवा कर भने लक्ष्यभन्दा बढी उठेको छ । पहिलो चौमासिकमा रु एक अर्ब ३६ करोड ११ लाख २० हजार बराबर स्वास्थ्य सेवा कर उठाउने लक्ष्य रहेकामा १८३ दशमलव १५ प्रतिशत अर्थात् रु दुई अर्ब ४९ करोड २९ लाख १६ हजार सङ्कलन भएको छ ।

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि




काठमाडौं, ११ मङ्सिर/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज उच्च अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ३२ दशमलव ४३ अङ्कले उकालो लागेर एक हजार ९६५ दशमलव ९८ मा पुगेको छ ।

त्यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव ३४ अङ्कले उकालो लागेर ३८६ दशमलव २६ मा पुगेको छ । कारोबार भएका कुल १३ उपसमूहमध्ये आज सामूहिक लगानी कोषबाहेक अरू सबै उपसमूहको शेयर मूल्य उकालो लागेको छ ।

नेप्सेका अनुसार कुल २३३ कम्पनीका ४२ लाख २३ हजार ८६७ कित्ता शेयर रु दुई अर्ब दुई करोड ५४ लाख ८९ हजार ५२ मूल्यमा कारोबार भए । आइतवारको कारोबारपछि बजार पूँजीकरण रु २८ खर्ब २७ अर्ब ९४ लाख ७२ हजार ८६९ मा पुगेको छ ।

कारोबारका आधारमा हिमालयन डिस्टिलरी शीर्ष स्थानमा छ । सो कम्पनीको रु ४५ करोड चार लाख सात हजार ११९ बराबरको कारोबार भयो । नबिल बैंक रु १२ करोड तीन लाख २१ हजार ९८८, नेपाल दूरसञ्चार कम्पनी रु नौ करोड ७९ लाख ६३ हजार ८३३, शिवम् सिमेन्ट रु आठ करोड १८ लाख एक हजार ४२५ र नेष्डो समृद्धि लघुवित्त रु छ करोड छ लाख पाँच हजार २२९ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार डिप्रोक्स लघुवित्त आठ दशमलव २१, जीवन विकास लघुवित्त सात दशमलव ४३, कुमारी बैंक छ दशमलव ७७, ग्रीनलाइफ हाइड्रोपावर छ दशमलव ५७ र नेष्डो समृद्धि लघुवित्तका लगानीकर्ताले छ दशमलव ५४ प्रतिशतले कमाएका छन् ।

त्यस्तै, एनएमबी हाइब्रिड फन्ड पहिलो तीन दशमलव ११, प्रभु सेलेक्ट फन्ड दुई दशमलव २६, एनआइसी एशिया ब्यालेन्स फन्ड दुई दशमलव शून्य दुई, कुमारी बैंकको ऋणपत्र दुई र लक्ष्मी बैंकको ऋणपत्रका लगानीकर्ताले पनि दुई प्रतिशतले गुमाएका छन् ।

# चान्समा डान्स

सङ्घीय सरकारको शक्तिशाली मन्त्रालयमा मन्त्री भइसकेको मान्छे नगरप्रमुखमा लड्छन्, सांसद भइसकेको व्यक्ति विधायकमा रुचि देखाउँछन् र विधायक भइसकेकाहरू गाउँपालिका ताक्छन्। यो राजनीतिक पदोन्नति हो कि घटुवा हो, मेरो सानो दिमागले बुझ्नै सकेन। माथिल्लो तहको स्वाद चाखिसकेकाहरू आखिर किन तल्लो पदमा झर्ने रहर गर्छन्। यो रहरले कि त पैसाको प्यास अथवा कुर्सीमा टाँसिरहने लोभ हो भन्ने जनाउँछ। अचेल दलहरूमा पदको चाहना राख्नेहरूको सङ्ख्या एकाएक वृद्धि भएकोले 'जो हात वो साथ' पनि होला। यस्ताहरूलाई 'नपाउनेले केरा पायो बोक्रा सुद्धै चपायो' पनि भनिन्छ। अचेल त आफ्नो दलबाट टिकट हत्याउनु पनि विजय उत्सव नै हो, निर्वाचनमा जित्ने, नजित्ने आफ्नो भाग्यको कुरा हो। संविधानले केन्द्रीय मन्त्री र मुख्यमन्त्रीलाई एउटै तह र स्तरमा राखेको देखिन्छ। माननीय भइसकेकाहरूको तल्लो तहप्रतिको यो मोहले गर्दा राजनीतिक पदहरूको गरिमा एकातिर घटेको देखिन्छ भने अर्कोतिर योग्यता र क्षमता भएका सहकर्मीहरूलाई समेत घरको न घाटको बनाएको देखिन्छ। राजनीतिकर्मीहरूभन्दा त बरु राष्ट्रसेवक कर्मचारीहरू नै नैतिकवान् देखिन्छन्। आफूभन्दा जुनियर सहकर्मी भनसुनको भरमा आफ्नो हाकिम बन्दा राजीनामा दिने कर्मचारी थुप्रै छन्। त्यस्तै, घटुवामा पर्दा राजीनामा दिने कर्मचारीहरू पनि छन्। अचेल भ्रष्टाचारमा कर्मचारीहरूभन्दा नेताहरू अग्रस्थानमा देखिन्छन्। बिचरा कर्मचारीहरूले त सानातिना घूस परिवार धान्न लिएको देखिन्छ, तर देश बेचुवाको आरोप त नेताहरूलाई नै लाग्ने गरेको देखिन्छ। नेताहरूले नै कर्मचारीलाई चेपुवामा पारेर भ्रष्टाचार गरे गराएका थुप्रै उदाहरण नेपालमा छन्। बरु पञ्चायतकालमा बहुचर्चित मन्त्री हेमबहादुर मल्ल कैदमा परे, आइजिपी र धीरेन्द्र शाहका अङ्गरक्षक लक्ष्मु गुरुङसमेत जेल परेको इतिहास छ। अचेल त 'जो चोर उसकै ठूलो स्वर' छ। बहुचर्चित बालुवाटार जग्गाकाण्ड र योभन्दा डरलाग्दा भ्रष्टाचारकाण्डमा कोही कसैको कानसम्म समात्न सकिएको छैन। तर सरकारले करोडौं तलब सुविधा दिएर भ्रष्टाचारीलाई तह लगाउने नाममा थुप्रै कार्यालय खोलेको जगजाहेर छ। एकताका त भ्रष्टाचारीलाई कीरा परोस् भन्ने नारा नै बुलन्द गरिएको थियो। अचेल त कानून मिच्ने, कानूनको धज्जी उडाउने, लुट्ने, पिट्ने र हत्यासम्मको जघन्य अपराधमा समेत नेताहरूको नाम टाँसिने गरेको छ। नेपालमा बेथितिको जन्मदाता नै राजनीति दलहरू बनेका छन्। बदमास सबै राजनीतिक दलको संरक्षणमा देखिन्छन्। नबिराउनु–नडराउनु भन्ने जमाना अब रहेन। जबसम्म राजनीतिक दलहरूले नैतिकताको राजनीति गर्दैनन्, तबसम्म राजनीतिक पदहरूसमेत कसैलाई मातैमात, कसैलाई पुर्पुरोमा हात साबित हुनेछ। शायद चान्समा डान्स भनेको पनि यही हो।

राष्ट्रिय सरोकारका नियुक्तिहरूसमेत नेताहरूको खेलौना बनेको छ। इमानदार कार्यकर्ताहरूका लागि लाभको पद भनेको 'बाहुनले च्याउ खाए पो स्वाद पाओस्' भएको छ। इमानदारहरू त जुलुस, बन्द, हडतालका अस्त्र साबित हुँदै गएका छन्। यसरी उपरीमा थुपरी गर्दै एउटैलाई दोहोऱ्याइ तेहऱ्याइ पदले विभूषित गर्नाले अचेल सबै पदमा होलटाइमर कार्यकर्ता घटेको र पार्ट टाइमर कार्यकर्ता वृद्धि भएका छन्। पार्ट टाइमरहरू 'ताक परे तिवारी नत्र गोतामे' प्रवृत्तिका हुन्छन्। राजनीतिमा अचेल जुनियर, सिनियर भन्ने नै छैन अचेल पालिस र तेल मालिसको जमाना छ। उहिले त हाम्रो पालामा राजाको अगाडि र घोडाको पछाडि नबस्नु भन्थे अनि राजाको काम कहिले जाला घाम भन्थे तर अब त धाइ, सुसारे, छाने, ढोके, हुक्केको रूपमा शीर्ष नेताहरूको आगापाछा रहनेहरूले भाग्योदय चिठाझैं घटुवाको पद भएपनि बक्सिसमा पाइरहन्छन्, रमाइरहन्छन्।

मन्तव्य



कुमारबन्धु रुपाखेती

**अचेल त कानून मिच्ने, कानूनको धज्जी उडाउने, लुट्ने, पिट्ने र हत्यासम्मको जघन्य अपराधमा समेत नेताहरूको नाम टाँसिने गरेको छ। नेपालमा बेथितिको जन्मदाता नै राजनीति दलहरू बनेका छन्। बदमास सबै राजनीतिक दलको संरक्षणमा देखिन्छन्।**

# मधेस प्रदेशसभामा नयाँ–पुराना अनुहारको मिश्रण

–अजयकुमार साह

धनुषा, ११ मङ्सिर/रासस

मधेस प्रदेशसभामा यसपटक केही पुराना र केही नयाँ अनुहारलाई जनताले जनप्रतिनिधिका रूपमा पठाएका छन्। फरक दल, फरक समुदाय, फरक उमेर र फरक वर्गको प्रतिनिधित्व मधेस प्रदेशसभामा देखिने भएको छ।

प्रदेशसभामा प्रत्यक्ष निर्वाचित ६४ जना र समानुपातिक ४३ जना गरी जम्मा १०७ सदस्यीय सांसद चुनिने व्यवस्था रहेको छ। अघिल्लो निर्वाचनमा चुनिएका कतिपय सांसद यसपटक पनि पुनः दोहोरिएका छन् भने संसद्को पहिलो अनुभव लिन नयाँ अनुहारको समेत उल्लेख्य सङ्ख्यामा प्रदेशसभामा प्रवेश पाउने भएको छ।

एक कार्यकाल मुख्यमन्त्रीका रूपमा सरकार सञ्चालन गरिसकेका लालबाबू राउत गद्दी फेरि दोहोरिएका छन्। जनता समाजवादी पार्टी (जसपा)का केन्द्रीय नेतासमेत रहेको उनी पर्सा क्षेत्र नं १ (२) बाट निर्वाचित भएका छन्।

काङ्ग्रेस नेता रामसरोज यादव धनुषा क्षेत्र नं ३ (१)बाट फेरि प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन्। रामसरोज यसअघि भौतिक पूर्वाधार तथा यातायातमन्त्रीसमेत भइसकेका छन्। लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता जीतेन्द्र सोनल पनि बारा क्षेत्र नं ४ (२)बाट दोस्रोपटक निर्वाचित भएका छन्। सोनल मधेस प्रदेशमा भौतिक पूर्वाधार तथा विकासमन्त्री भइसकेका छन्।

त्यस्तै, पर्सा क्षेत्र नं २ (२)बाट लोसपाकै रमेशप्रसाद कुर्मी पनि फेरि निर्वाचित भएका छन्। उनी २०७४ को निर्वाचनमा तत्कालीन राजपाबाट निर्वाचित भएका थिए। पर्साकै क्षेत्र नं ४ (१)बाट काङ्ग्रेसका शङ्करप्रसाद चौधरी पनि दोस्रोपटक प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन्। दोस्रोपटक निर्वाचित हुनेमा रौतहट क्षेत्र नं ४ (२)बाट जसपाका शेष अबुल कलाम आजाद पनि पर्छन्।

यसैगरी, सर्लाहीबाट चारजना प्रदेश सांसद दोस्रोपटक निर्वाचित भएका छन्। सर्लाही क्षेत्र नं १ (१)बाट लोसपाका उपेन्द्र महतो र (२)बाट वेंची लुङेली, क्षेत्र नं ३ (२)बाट जसपाका सञ्जयकुमार यादव तथा क्षेत्र नं ४ (१)बाट काङ्ग्रेसका वीरेन्द्रप्रसाद सिंह प्रदेशसभामा पुनः निर्वाचित भई सिट सुरक्षित गरेका छन्। काङ्ग्रेसका सिंह यसअघि प्रदेशको महिला, बालबालिका, युवा तथा खेलकूद मन्त्रीसमेत भइसकेका छन्।

त्यस्तै, महोत्तरी क्षेत्र नं ३ (१)मा लोसपाबाट उम्मेदवार बनेका अभिराम शर्मा र ३ (२)बाट रानी शर्मा पुनः निर्वाचित भएका छन्। अभिराम शर्माले सामाजिक विकास राज्यमन्त्रीको समेत जिम्मेवारी सम्हालिसकेका छन्। उनले मधेस प्रदेश सरकारका मुख्य न्यायाधिवक्ताबाट राजीनामा दिएर चुनावी मैदानमा उत्रिएको जसपाका दीपेन्द्र झालाई झिनो मतले पराजित गरेका हुन्। धनुषा क्षेत्र नं २ (२)मा जसपाका रामाशिष यादव पनि दोस्रोपटक प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन्। सप्तरी क्षेत्र नं ३ (१)मा काङ्ग्रेसका मोहम्मद समिम पनि दोस्रोपटक निर्वाचित भएका छन्।

**केही नयाँ अनुहार**

पर्सा क्षेत्र नं १ (१)बाट निर्वाचित माओवादी केन्द्रका रहबर अन्सारी, पर्सा क्षेत्र नं २ (१)बाट निर्वाचित काङ्ग्रेसका श्यामप्रसाद पटेल, पर्सा क्षेत्र नं ३ (२)बाट जितेका काङ्ग्रेसका जनार्दन सिंह क्षेत्रीको प्रदेशसभामा यो पहिलो यात्रा हो। यस्तै, बारा क्षेत्र नं ३ (१)बाट निर्वाचित एमालेको रवीन्द्रदास श्रेष्ठ, बाराकै क्षेत्र नं ४ (१)बाट निर्वाचित एमालेका देवनारायण थारू पनि प्रदेशसभाका लागि नयाँ हुन्।

रौतहटमा प्रदेशसभामा निर्वाचित सातमध्ये छ नयाँ छन्। क्षेत्र नं १ (१)बाट नागेन्द्र साह र (२)बाट कृष्णप्रसाद यादव निर्वाचित भएका छन्। काङ्ग्रेसका दुवै नेताको पनि यो प्रदेशसभाको पहिलो यात्रा हो। कृष्ण यादव काङ्ग्रेसका प्रदेश सभापति पनि हुन्। क्षेत्र नं २ (१)मा एमालेका मोहम्मद जैद आलम, क्षेत्र नं २ (२)बाट निर्वाचित कनिश पटेल, क्षेत्र नं ३ (१)मा स्वतन्त्र उम्मेदवार केशव राय र क्षेत्र नं ४ (१)मा निर्वाचित माओवादीका युवराज भट्टराई पनि नयाँ हुन्।

यसैगरी, सर्लाही–४ (२)मा माओवादीका फकिरा महतो र धनुषा–२ (१)मा एमालेका लखनदास तत्मा निर्वाचित हुँदै पहिलोपटक सांसद बनेका छन्। सप्तरीका छ स्थानको नतीजा आउँदा प्रदेशसभा पुग्ने पाँचजना नयाँ हुन्। यसमध्ये चारजना जनमत पार्टीका छन्। क्षेत्र नं ३ (२)मा शम्भुकुमार साह, क्षेत्र नं २ (१)मा सतिशकुमार सिंह, क्षेत्र नं २ (२)मा महेशप्रसाद यादव र क्षेत्र नं १ (२)मा सकिल मियाँ निर्वाचित भएका छन्।

**मन्त्री पराजित**

विसं २०७४ मा निर्वाचित भई प्रदेशका महत्त्वपूर्ण मन्त्रालयको जिम्मेवारी सम्हालेका केही मन्त्रीले भने यसपटकको निर्वाचनमा पराजय बेहोर्नुपरेको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय हुँदै हाल अर्थमन्त्री रहेका शैलेन्द्र साह सप्तरी क्षेत्र नं २ (१)मा पराजित भएका छन्।

यस्तै, पाँच वर्षसम्म भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री रहेका योगेन्द्र राय यादव पनि पराजित भएका छन्। उनी रौतहट–१ (२)मा उम्मेदवार थिए। प्रदेश मुख्य न्यायाधिवक्ताबाट राजीनामा दिएर निर्वाचनमा होमिएका दीपेन्द्र झा पनि पराजय बेहोर्नुपरेको छ।



**प्रदर्शनी राखिएका चित्रकला तथा मूर्तिकला:** नेपाल कला परिषद्को आयोजनामा बबरमहलस्थित परिषद् भवनमा आइतवारदेखि शुरु 'नेपालका देउताहरू' नामक चित्रकला प्रदर्शनीमा राखिएका चित्रकला तथा मूर्तिकला। तस्वीरः रासस

## फरक समाचार

# कारजत्रो कछुवा

समुद्रको गहिराइमा थुप्रै रहस्य लुकेका छन्। आज पनि अनुसन्धानकर्ताहरूले समुद्रबाट नयाँ–नयाँ रहस्योद्घाटन गर्दै आइरहेका छन्। वैज्ञानिकहरूले कछुवाको




एउटा अवशेष भेटाएका छन्, जसको आकार कार जत्रो छ। युरोपमा भेटिएको कछुवाको यो अवशेष ८.३ करोड वर्ष पहिलेको हो। अवशेषबाट वैज्ञानिकले अनुमान लगाएका छन्, यो कछुवा कार जत्तिकै ठूलो हुन सक्छ। यसको लम्बाइ करीब ३.७ मिटर छ। वैज्ञानिकले यस कछुवाको नाम लेविथानोचेलिस राखेका छन्।

यो कछुवा युरोपमा पाइने अहिलेसम्मकै सबैभन्दा ठूलो बताइँदै छ। यसको उमेरलाई लिएर वैज्ञानिकले भनेका छन्, यो कछुवा डायनासोरको अन्त्यको समयको हुन सक्छ अर्थात् क्रेटासियस टाइम। आफ्नो समयमा यो कछुवा समुद्रमा खुलेआम घुम्थ्यो। यस कछुवाको शिकार त्यति बेला सार्क र मौसोरले मात्र गर्न सक्दथ्यो। यस कछुवाको पिठ्यूँ करीब दुई मिटर लामो थियो।

यसभन्दा पहिले आर्चेलोन नामक कछुवाको अवशेष भेटिएको थियो, जसको लम्बाइ ४.६ मिटर थियो र यो करीब सात करोड वर्ष पहिले धर्तीमा मौजुद थियो।

# कतारमा कैमलफ्लूको खतरा

फिफा वर्ल्ड कप–२०२२ मा कैमलफ्लू (मर्स)को खतरा मडारिइरहेको छ। यो कुराको जानकारी विश्व स्वास्थ्य सङ्गठनद्वारा समर्थित विशेषज्ञहरूले दिएका हुन्।





सो ठाउँमा कोरोना भाइरस, मङ्कीपक्स र कैमलफ्लूजस्ता कैयौं सङ्क्रमणलाई आकर्षित हुन सक्छ। जर्नल न्यू माइक्रोब्स एन्ड न्यू इन्फेक्शनमा प्रकाशित अध्ययन अनुसार कतारमा फिफा विश्वकप हेर्नको लागि संसारभरिबाट फूटबल प्रशंसकहरू आइरहेका छन्। त्यहाँ बढेको भीडले सङ्क्रामक बिमारीको जोखिम उत्पन्न गर्न सक्छ।

कतारको यात्रा गर्ने विश्वकप प्रशंसकहरूलाई ऊँटलाई नछुन सल्लाह दिइएको छ। युकेस्थित विज्ञान वेबसाइट आइएफएल साइन्समा प्रकाशित लेख अनुसार मर्सलाई पहिलोपटक सन् २०१२ मा साउदी अरबमा रिपोर्ट गरिएको थियो। मर्सका रोगी अहिलेसम्म संसारका २७ वटा देशमा देखिएको छ, यसबाट हालसम्म २६ सयजनाको मृत्यु भइसकेको छ।

जबकि अधिकांश मर्स सङ्क्रमणलाई एसिम्पटोमेटिक भनिन्छ। ज्वरो, सास फेर्न समस्या र खोकीजस्ता यसका लक्षण हुन्छन्।

# अस्ट्रेलियामा हजारौं नाङ्गिए

अस्ट्रेलियाको सिडनीमा निकै लोकप्रिय बोन्डी बिचमा शनिवार करीब २५ सय व्यक्ति नाङ्गै जम्मा भएका थिए। यी सबै नाङ्गिनुको कारण छाला क्यान्सरबारे जागरूकता बढाउनको लागि डिजाइन गरिएको कलाकृतिको लागि आएका



थिए।

यो अमेरिकी फोटोग्राफर स्पेन्सर ट्युनिकको नवीनतम परियोजना हो, जसको उद्देश्य अस्ट्रेलियाका नागरिकहरूलाई नियमितरूपले छाला जाँच गराउन प्रोत्साहित गर्नु हो। पहिलोपटक समुद्र तटमा सार्वजनिक नग्नताको अनुमति दिनको लागि कानूनमा बदलाव गरिएको छ। वर्ल्ड क्यान्सर रिसर्च फन्डको भनाइ अनुसार अस्ट्रेलिया छाला क्यान्सरबाट सबैभन्दा नराम्ररी प्रभावित देश हो। सरकारको अनुमान छ, यस वर्ष अस्ट्रेलियामा छाला क्यान्सरको १७ हजार ७५६ नयाँ मामिलाको निदान गरिनेछ र १२८१ अस्ट्रेलियाका नागरिकको मृत्यु हुनेछ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# उत्तर कोरियालाई विश्वको सबैभन्दा शक्तिशाली आणविक शक्ति बनाउने किमको दाबी

सियोल, ११ मङ्सिर/एएफपी

उत्तर कोरियाली नेता किम जोङ हतियार राख्ने प्रविधिको विकासमा आश्चर्यजनक फड्को मारेको बताएका छन्।


तस्वीरः सिन्हवा

उनले आफ्नो देश विश्वको सबैभन्दा शक्तिशाली आणविक शक्ति केन्द्र बन्ने लक्ष्य राखेको बताएका छन्।

प्योङयाङले अहिलेसम्मकै सबैभन्दा शक्तिशाली क्षेप्यास्त्र परीक्षण गरेको र यो अमेरिकी मुख्य भूमिसम्म पुग्न सक्ने विश्वास गरिएको उत्तर कोरियाली अधिकारीले दाबी गरेका छन्।

नेता किमले ह्वासोङ–१७ को सफलताका लागि १०० भन्दा बढी सम्बन्धित अधिकारी र वैज्ञानिकलाई पदोन्नति पनि गरेको छ।

नयाँ आइसिबिएमलाई 'विश्वको सबैभन्दा बलियो रणनीतिक हतियार' भन्दै किमले उत्तर कोरियाली वैज्ञानिकले ब्यालेस्टिक क्षेप्यास्त्रमा आणविक छन्।

राज्य र जनताको गरिमा र सार्वभौमिकताको रक्षाका लागि आणविक शक्ति निर्माण गर्नु 'सबैभन्दा ठूलो र सबैभन्दा महत्त्वपूर्ण प्रगतिको कारण हो, र यसको अन्तिम लक्ष्य विश्वको सबैभन्दा शक्तिशाली रणनीतिक शक्ति बन्नु र यस शताब्दीमा अभूतपूर्व पूर्ण शक्ति कब्जा गर्नु हो"–किमलाई उद्धृत गर्दै केसीएनएले उल्लेख गरेको छ।

वैज्ञानिकहरूले प्योङयाङको 'विश्वको सबैभन्दा बलियो सेना निर्माण गर्ने लक्ष्य' विश्वसामु प्रदर्शन गरेको किमले बताए।

नयाँ ह्वासोङ–१७ आइसिबिएमको लन्चिङ भेहिकललाई 'उत्तर कोरियाको हिरो' को उपाधि प्रदान गरिएको केसिएनएको रिपोर्टमा उल्लेख छ।

'यसले उत्तर कोरिया पूर्ण आणविक शक्ति हो भन्ने कुरा विश्वसामु स्पष्ट रूपमा प्रमाणित गरेको छ'–प्रतिवेदनमा भनिएको छ। रिपोर्टमा थप भनिएको छ–'उत्तर कोरियाले सबैभन्दा शक्तिशाली आइसिबिएम राष्ट्रको रूपमा आफ्नो शक्ति प्रदर्शन गरेको छ।'

कोरिया इन्स्टिच्युट फर नेशनल युनिफिकेशनका होङ मिनले ह्वासोङ–१७ को परीक्षण उत्तर कोरियाले आफूलाई प्रमुख आणविक शक्तिका रूपमा स्थापित गर्ने उद्देश्यले गरेको बताए।

"यदि सन् २०१७ मा ह्वासोङ–१५ को प्रक्षेपण आणविक हतियारले अमेरिकी मुख्य भूमिलाई खतरामा पार्न सक्ने राष्ट्र बन्नमा केन्द्रित थियो भने पछिल्लो क्षेप्यास्त्र सबैभन्दा शक्तिशाली आइसिबिएम राज्य बन्न केन्द्रित छ"– उनले थपे।

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले सन् २००६ यता उत्तर कोरियाको आणविक तथा क्षेप्यास्त्र गतिविधिका कारण उत्तर कोरियामाथि प्रतिबन्ध लगाउने झन्डै एक दर्जन प्रस्ताव पारित गरिसकेको छ। तर उत्तर कोरियाले प्रतिबन्धको वेवास्ता गर्दै आफ्ना आणविक कार्यक्रमलाई निरन्तरता दिँदै आएको देखिन्छ। रासस

# पाकिस्तानका पूर्वप्रम खानद्वारा सबै विधानसभा छोड्ने घोषणा

पाकिस्तान, ११ मङ्सिर/एपी

पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानले आफ्नो दलले देशको क्षेत्रीय र विधानसभाबाट बाहिरिने घोषणा गरेका छन्।

विश्वप्रसिद्ध पूर्व क्रिकेट खेलाडीबाट पाकिस्तानी राजनीतिमा आएका खान संसद्मा अविश्वासको प्रस्ताव पारित भएपछि गत अप्रिलमा पदच्युत भएका थिए।

उनको दल अहिले प्रतिपक्षमा छ। उनले विदेशी शक्तिको सहयोगमा प्रधानमन्त्री शाहबाज शरीफले आफूलाई पदच्युत गर्नु गैरकानूनी र योजनाबद्ध भएको दाबी गर्दै मध्यावधि निर्वाचनको माग गर्दै आएका छन्। यद्यपि खानले विदेशी शक्ति भनेर सङ्केत गरेको अमेरिका र वर्तमान प्रधानमन्त्री शरीफले उक्त आरोपको खण्डन गर्दै आएका छन्।

वर्तमान सरकारले अर्को निर्वाचन सन् २०२३ मा तोकिएकै मितिमा हुने बताएको छ।

खानले गत महीनाको अन्त्यतिर पूर्वी शहर लाहोरबाट इस्लामाबादतर्फ विरोध प्रदर्शन शुरू गरेका थिए। विरोध अभियानका क्रममा केही हप्ता पहिले उनको गाडीलाई लक्षित गरी गोली चलाउँदा घाइते भएपछि खानले व्यक्तिगतरूपमा अभियानको नेतृत्व गर्न असमर्थ बनेका थिए।

उक्त आक्रमणमा खानका एक समर्थकको मृत्यु भएको थियो भने १३ जना घाइते भएका थिए। बन्दूकधारी आक्रमणकारीलाई प्रहरीले गिरफ्तार गरेको छ।

शनिवार राति इस्लामाबादनजीकैको रावलपिण्डी शहरमा खान पुनः विरोध प्रदर्शनमा सामेल हुँदै विधानसभाबाट बाहिरिने घोषणा गरेका हुन्।

उनले आफ्ना हजारौं समर्थकलाई आफ्नो तेहरिक–ए–इन्साफ पार्टीले सबै क्षेत्रीय र राष्ट्रियसभाहरू छोडेर यो 'भ्रष्ट प्रणाली' नसच्चिंदासम्म यसबाट बाहिर निस्केको बताएका छन्।

उनको दलका सांसदले गत अप्रिलमा नयाँ प्रधानमन्त्री चयनका लागि मतदान हुनुअघि नै सामूहिकरूपमा विधानसभाबाट राजीनामा दिएका थिए।

खानको गढ खैबर पख्तुनख्वाको उत्तरपश्चिमी प्रान्तमा पर्छ र पञ्जाब विधानसभाबाट बाहिरिएपछि उनका प्रतिद्वन्द्वीहरूलाई सत्ता हस्तान्तरण हुनेछ।

आफ्नो भाषणको अन्त्यतिर खानले मध्यावधि निर्वाचनको मागबाट पछि हट्दै आफ्नो दलले नौ महीनापछिका लागि तय भएको निर्वाचन जित्ने बताएका छन्। उनले अब राजधानीमा यसअघि घोषणा गरेको विरोध प्रदर्शन नगर्ने पनि बताएका छन्।

खानले भने, "सरकार इस्लामाबादमा मार्चको सामना गर्न सक्दैन, सरकारले चाहेजति धेरै प्रहरीलाई बोलाउन सक्छन्, तर उनीहरूले लाखौं आन्दोलनकारीलाई इस्लामाबादमा प्रवेश गर्नबाट रोक्न सक्दैनन्।" उनले थपे, "यस परिस्थितिमा हामीले श्रीलङ्काजस्तो अवस्था सिर्जना गर्न सक्थ्यौं। मैले इस्लामाबादमा मार्च नगर्ने निर्णय गरेको छु किनभने म देशमा अराजकता मौलाओस् भन्ने चाहन्नँ। म यो देशलाई कुनै हानि गर्न चाहन्नँ।"

आर्थिक सङ्कटका कारण खाद्यान्न र औषधिजस्ता अत्यावश्यक वस्तुको अभाव भएको भन्दै महीनौंदेखि जारी विरोध प्रदर्शनपछि जुलाईमा हजारौं श्रीलङ्काली नागरिकले राष्ट्रपति निवासमा धावा बोलेर तत्कालीन राष्ट्रपति गोटाबाया राजापाक्षेलाई भाग्न र पछि राजीनामा दिन बाध्य पारेका थिए।

खानले आफ्ना मुख्यमन्त्री र संसदीय दलसँग भेटघाट गर्ने र बाहिरिने समय घोषणा गर्ने बताएका छन्।

खानको कार्यकालमा देशको गुप्तचर एजेन्सी सञ्चालन गर्ने तर तत्कालीन प्रधानमन्त्रीबाट कुनै स्पष्टीकरण नदिई



बर्खास्त गरिएका नयाँ सेनाप्रमुख असीम मुनीरको नियुक्ति भएको केही दिनपछि शनिवार राति उक्त ग्याली निकालिएको हो।

मुनीरले जनरल कमर जावेद बाजवाको स्थान लिएका छन्। बाजवालाई खानले आफूलाई हटाउन भूमिका खेलेको आरोप पनि लगाएका छन्। बाजवाले भने पूर्वप्रधानमन्त्रीको उक्त आरोपको खण्डन गर्दै आएका छन्। रासस


सानो परिवार

सुखी परिवार

वीरगंज महानगरपालिका


## आजको राशिफल

| | |
|---|---|
| मेष – कर्मप्राप्ति | वृष – प्रगति |
| मिथुन – वादविवाद | कर्कट – यात्रालाभ |
| सिंह – कडाश्रम | कन्या – सुसमाचार |
| तुला – उदरपीडा | वृश्चिक – विजय |
| धनु – धनलाभ | मकर – भाग्योदय |
| कुम्भ – खर्चवृद्धि | मीन – मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


# प्रत्यक्षतर्फ १५७ सिटको टुङ्गो लाग्यो, काङ्ग्रेसको अग्रता कायमै

काठमाडौं, ११ मङ्सिर/रासस

प्रतिनिधिसभा सदस्य निर्वाचनको जारी मतगणनामा नेपाली काङ्ग्रेसको अग्रता कायमै छ। निर्वाचन आयोगका अनुसार आइतवार साँझ ७ बजेसम्म प्रतिनिधिसभा सदस्यको प्रत्यक्षतर्फ १६५ सिटमध्ये १५७ क्षेत्रको मतपरिणाम सार्वजनिक भइसकेको छ।

प्राप्त मतपरिणाम अनुसार हालसम्म नेपाली काङ्ग्रेस ५३, नेकपा (एमाले) ४२, नेकपा (माओवादी केन्द्र) १७, नेकपा (एकीकृत समाजवादी) १० क्षेत्रमा विजयी भएका छन्। साथै, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी समान सात, जनता समाजवादी पार्टी छ, लोकतान्त्रिक समाजवादी पार्टी चार, नागरिक उन्मुक्ति पार्टी तीन, नेमकिपा एक, राष्ट्रिय जनमोर्चा एक र जनमत पार्टीले एक सिट जितेका छन्। त्यसैगरी, पाँचजना स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन्।

आयोगका अनुसार तीनवटा जिल्ला दोलखा, बाजुरा र स्याङ्जामा मतगणना शुरू हुन सकेको छैन। बाजुरामा शनिवार पुनः मतदान भएको छ भने दोलखाका केही मतदान केन्द्रमा मङ्सिर १५ गतेभित्र पुनः मतदान गर्ने निर्णय गरिएको छ।

**ककसले जिते ?**

काङ्ग्रेसबाट प्रधानमन्त्री तथा काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, योगेश शेरचन, टेकबहादुर गुरुङ, प्रकाशमान सिंह, सन्तोष चालीसे, गगनकुमार थापा, प्रदीप पौडेल, मोहन आचार्य, उदय शमशेर जबरा, शङ्कर भण्डारी, राजेन्द्रकुमार केसी निर्वाचित भएका छन्।

साथै, काङ्ग्रेसका रमेशकुमार रिजाल, हृदयराम थानी, रामहरि खतिवडा, विश्वप्रकाश शर्मा, अजयकुमार चौरसिया, राजेन्द्र बजगाईं, खमबहादुर गर्बुजा, पुष्पबहादुर शाह, वीरबहादुर बलायर, दिलेन्द्र प्रसाद बडू, रमेश लेखक, एनपी साउद, दिक्पालकुमार शाही, दुर्लभ थापा, शशाङ्क कोइराला, रामचन्द्र पौडेल, किशोरसिंह राठोर, देवप्रकाश तिमल्सिना, दिनेशकुमार यादव, रामनाथ अधिकारी, पूर्णबहादुर खड्का पनि निर्वाचित भएका छन्।

आयोगका अनुसार काङ्ग्रेसका विष्णुकुमार कार्की, श्यामकुमार घिमिरे, दीपक गिरी, सञ्जय गौतम, विनोद चौधरी, रामकृष्ण यादव, मोहनबहादुर बस्नेत, शेखर कोइराला, डिल्लीराज पन्त, चन्द्रकान्त भण्डारी, राजु थापा, दीपक खड्का, सुरेन्द्र राज आचार्य, सीता गुरूङ, सुनिलकुमार शर्मा, अर्जुननरसिंह केसी, तेजुलाल चौधरी, ऐनबहादुर शाही, महेन्द्रकुमार राय, डिगबहादुर लिम्बू, पूर्णबहादुर तामाङ पनि निर्वाचित भएका छन्।

त्यसैगरी, नेकपा (एमाले)बाट अम्बरबहादुर रायमाझी, कृष्णगोपाल श्रेष्ठ, प्रेमबहादुर महर्जन, गोकर्ण विष्ट, देवराज घिमिरे, केपीशर्मा ओली, योगेश भट्टराई, राजकुमार गुप्ता, टोपबहादुर रायमाझी, सूर्य थापा, पृथ्वीसुब्बा गुरुङ, महेश बर्तौला, मानवीर राई, पदम गिरी, लालप्रसाद साँवा लिम्बु, वासुदेव घिमिरे, राजेन्द्रकुमार राई निर्वाचित भएका छन्।

आयोगका अनुसार एमालेका विद्या भट्टराई, सूर्यप्रसाद ढकाल, रामशङ्कर यादव, दामोदर भण्डारी, तारा लामा तामाङ, बलराम अधिकारी, वसन्तकुमार नेम्वाङ, दामोदर पौडेल (वैरागी), हरिप्रसाद उप्रेती, ज्वालाकुमारी साह, अच्युतप्रसाद मैनाली, जुली महतो, मनबहादुर गुरुङ पनि निर्वाचित भइसकेका छन्।

त्यसैगरी, लीलानाथ श्रेष्ठ, ठाकुरप्रसाद गैरे, ऋषिकेश पोखरेल, मङ्गलप्रसाद गुप्ता, विष्णु पौडेल, गोकुल बाँस्कोटा, नारायणप्रसाद आचार्य, छविलाल विश्वकर्मा, भीम आचार्य, सुवास नेम्वाङ, लक्ष्मी महतो कोइरी र महेश बस्नेत निर्वाचित भएका छन्।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, जनार्दन शर्मा, वर्षमान पुन, देवेन्द्र पौडेल, शक्तिबहादुर बस्नेत, सुदन किराती, माधव सापकोटा, अमनलाल मोदी, हितबहादुर तामाङ, रामकुमार राई, लेखनाथ दाहाल, रेखा शर्मा, पूर्णबहादुर घर्ती, महिन्द्रराय यादव, सूर्यप्रसाद तामाङ (दोङ), छिरिङ डम्बुल लामा (भोटे) र महेन्द्रबहादुर शाही विजयी भएका छन्।

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, राजेन्द्रप्रसाद पाण्डे, धनबहादुर बूढा, अम्बरबहादुर थापा, कृष्णकुमार श्रेष्ठ, शेरबहादुर कुँवर, प्रकाश ज्वाला, मेटमणि चौधरी, प्रेमबहादुर आले र भानुभक्त जोशी विजयी भएका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने, सोविता गौतम, गणेश पराजुली, विराजभक्त श्रेष्ठ, हरि ढकाल, शिशिर खनाल र डा तोसिमा कार्की निर्वाचित भएका छन्। जनता समाजवादी पार्टी (जसपा)का प्रदीप यादव, नवलकिशोर साह सुडी, दीपक कार्की, रामसहायकप्रसाद यादव, राजकिशोर यादव र वीरेन्द्रप्रसाद महतो निर्वाचित भएका छन्।

राप्रपाका राजेन्द्र लिङ्देन, विक्रम पाण्डे, धवलशमशेर राणा, दीपकबहादुर सिंह, ध्रुवबहादुर प्रधान, दीपक बोहोरा र ज्ञानेन्द्रबहादुर शाही निर्वाचित भएका छन्।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अध्यक्ष महन्त ठाकुर, सर्वेन्द्रनाथ शुक्ला, शरतसिंह भण्डारी र रामप्रकाश चौधरी विजयी भएका छन्।

राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी र नेमकिपाका प्रेम सुवाल एवं जनमत पार्टीका चन्द्रकान्त राउत निर्वाचित भएका छन्। स्वतन्त्र उम्मेदवार योगेन्द्र मण्डल, प्रभु साह, किरणकुमार साह, अमरेशकुमार सिंह र लालवीर चौधरी निर्वाचित भएको आयोगले जनाएको छ।

## निवर्तमान ६० सांसद पराजित

अघिल्लो प्रतिनिधिसभामा रहेका ६० भन्दा बढी निवर्तमान सांसद प्रतिनिधिसभा सदस्य निर्वाचनमा पराजित भएका छन्।

संसदीय राजनीतिमा लामो अनुभव रहे तापनि निर्वाचन परिणामले दलको माथिल्लो तहको जिम्मेवारीमैं रहेका मुख्य नेतालाई सदनबाहिर रहन बाध्य तुल्याएको छ। संसद्मा यसपटक प्रवेश गर्न नपाउनेमा कतिपय दलका अध्यक्ष, उपाध्यक्ष, महासचिव तथा प्रदेशका पूर्वमुख्यमन्त्रीसमेत छन्।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतो, नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष सुरेन्द्र पाण्डे, महासचिव शङ्कर पोखरेल र उपमहासचिव प्रदीपकुमार ज्ञवाली निर्वाचनमा पराजित भए।

नेकपा (माओवादी केन्द्र)का महासचिव देवप्रसाद गुरुङ, उपमहासचिवद्वय गिरिराजमणि पोखरेल र पम्फा भुसाल तथा पूर्वमुख्यमन्त्री शेरधन राईलाई प्रतिनिधिसभाको यस निर्वाचन अफापसिद्ध रह्यो।

नेपाली काङ्ग्रेसका सहमहामन्त्री उमाकान्त चौधरी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का कार्यकारिणी समिति सदस्य अनिलकुमार झा तथा गृहमन्त्री बालकृष्ण खाँण, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री र युवा तथा खेलकूदमन्त्री महेश्वरजङ्ग गहतराज, विनाविभागीय राज्यमन्त्री उमेश श्रेष्ठ पनि निर्वाचनमा पराजित भए।

पूर्वसभामुख ओनसरी घर्ती, पूर्वउपसभामुख पुष्पा भुसाल गौतम तथा राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलका लागि पनि यसपटकको निर्वाचन फलदायी हुन सकेन। अघिल्लो प्रतिनिधिसभा सदस्य अञ्जना विशङ्खे, अभिषेकप्रताप शाह, कृष्णकुमार राई, कृष्णभक्त पोखरेल, गणेश ठगुन्ना, गौरीशङ्कर चौधरी, गङ्गा चौधरी (सत्गौवा), घनश्याम भुसाल, चक्रपाणि खनाल, चित्रलेखा यादव, झपटबहादुर रावललाई निर्वाचन परिणामले निराशा तुल्यायो।

निवर्तमान सांसद देवेन्द्रराज कँडेल नवराज सिलवाल, निरुदेवी पाल, प्रमोद साह, बृजेशकुमार गुप्ता, भरतकुमार शाह, भानुभक्त ढकाल, भीमसेनदास प्रधान, भूमिप्रसाद त्रिपाठी र महेश्वर बस्नेतका लागि निर्वाचन फलामको च्युरा बन्यो।

अघिल्लो प्रतिनिधिसभामा रहेका मातृकाप्रसाद यादव, मोहम्मद इस्तियाक राई, यज्ञराज सुनुवार, रघुवीर महासेठ, राजेन्द्रप्रसाद गौतम, राजेन्द्रप्रसाद श्रेष्ठ, रामकुमारी झाँक्री, रामवीर मानन्धरलाई पनि निर्वाचन कष्टप्रद रह्यो। जनता प्रगतिशील पार्टी नेपालका हृदयेश त्रिपाठीलाई पनि यस निर्वाचनले सदन प्रवेशमा धक्का लगायो। पूर्वमन्त्री लक्ष्मणलाल कर्ण, लालबाबू पण्डित, सुजाता कोइराला, लेखराज भट्ट, विजयकुमार गच्छदार, बिना मगर, विरोध खतिवडा, सोमप्रसाद पाण्डेय, शेरबहादुर तामाङ तथा पूर्वसांसदहरू विजय सुब्बा, विशाल भट्टराई, सूर्यप्रसाद पाठक र कोमल वलीका लागि पनि यो निर्वाचन बाधक रहन पुग्यो।

यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको मतगणना जारी छ। प्रतिनिधिसभातर्फ हालसम्म १५६ निर्वाचन क्षेत्रको मतपरिणाम सार्वजनिक भएको छ। निर्वाचन आयोगका अनुसार हालसम्म काङ्ग्रेसले ५३ स्थानमा जीत निकाल्दै आफ्नो अग्रता कायमै राखेको छ।

एमाले ४१, माओवादी केन्द्र १७, एकीकृत समाजवादी १०, राष्ट्रिय स्वतन्त्र पार्टी सात, जसपा छ, स्वतन्त्र पाँच, लोसपा पाँच र नागरिक उन्मुक्ति पार्टी तीन स्थानमा विजयी भएका छन्।

## चलचित्रकर्मी..........

दलहरूले अझै सङ्ख्या बढाउनु जरुरी छ, हामी सेवा गर्न सक्षम छौं," हास्य कलाकार रिजालले भने।

**समानुपातिक सूचीमा चलचित्रकर्मी**

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका लागि प्रत्यक्षझैं समानुपातिकमा समेत फिल्मकर्मी छन्।

सिराहाबाट प्रतिनिधिसभा सदस्यका लागि राष्ट्रिय प्रजातन्त्र पार्टीबाट नेपालसँगै बलिउडमा समेत अभिनयका प्रसिद्ध अभिनेता तथा गायक एवं सङ्गीतकार मुरलीधर (मुरली मिझार) उम्मेदवार छन्। मोरङबाट फिल्म निर्माता, निर्देशक, प्रदर्शक तथा वितरक उद्धव पौडेल राप्रपाबाटै प्रतिनिधिसभातर्फको समानुपातिक उम्मेदवार हुन्। यही दलबाट फिल्म निर्माता तथा प्रदर्शक प्रदीपकुमार उदय लुम्बिनी प्रदेशसभाको समानुपातिक उम्मेदवार हुन्। राप्रपाको लुम्बिनी अध्यक्षसमेत रहेका उदय केही वर्षयता फिल्मभन्दा पनि राजनीतिमा सक्रिय छन्।

"पार्टीले अवसर दिएको सदुपयोग गरेको छु, मलगायत अन्य फिल्मकर्मीको पहल फिल्म क्षेत्रमा रहेका कमजोरीलाई हटाउन हुनुपर्छ," अध्यक्ष उदयले भने, "फिल्मकर्मी पार्टीको प्रचारप्रसारमा मात्र सीमित नभई नेतृत्वतर्फ पनि अगाडि बढ्नुपर्छ।"

कालोपोथी निर्देशन गरेर चर्चा कमाएका फिल्म निर्देशक मीनबहादुर भाम नेपाली काङ्ग्रेसको समानुपातिक उम्मेदवार हुन्। उनको नाम मुगुबाट खसआर्यतर्फ राखिएको छ। फिल्म निर्देशक असीम शाह राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रतिनिधिसभा सदस्यका लागि मुस्लिम खुलातर्फको समानुपातिक उम्मेदवार हुन्। नेपाल जनता दलको वरिष्ठ उपाध्यक्षसमेत रहेका फिल्म निर्माता रघु परियार समानुपातिकतर्फ उम्मेदवार हुन्।

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७८/७९

# मौद्रिक नीति त्रैमासिक समीक्षा : बैंक तथा वित्तीय संस्थाको औसत ब्याजदर अन्तर घटाइयो

काठमाडौं, ११ मङ्सिर/रासस

नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्षको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा गर्दै बैंक तथा वित्तीय संस्थाको औसत ब्याजदर अन्तरको सीमा घटाएको छ। राष्ट्र बैंकको आइतवार साँझ बसेको सञ्चालक समितिको बैठकले वाणिज्य बैंकहरूको औसत ब्याजदर अन्तर ४.४ प्रतिशतबाट चार प्रतिशत तथा विकास बैंक र वित्त कम्पनीको औसत ब्याजदर पाँच प्रतिशतबाट ४.६ प्रतिशत कायम गर्ने निर्णय गरेको हो। यसबाट बैंक तथा वित्तीय संस्थाले कर्जाको ब्याजदर तय गर्दा लिने प्रिमियम दर घट्न गई कर्जाको ब्याजदरमा समेत सन्तुलन आउने राष्ट्र बैंकले जनाएको छ।



तस्वीरः फाइल

त्यस्तै, कृषि क्षेत्रसँग सम्बन्धित पब्लिक लिमिटेड कम्पनीहरूले दोस्रो बजारमा जारी गरेको ऋणपत्रमा बैंक तथा वित्तीय संस्थाले गरेको लगानीलाई राष्ट्र बैंकले उक्त क्षेत्रमा न्यूनतम कर्जा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न पाउने व्यवस्था मौद्रिक नीतिको समीक्षाबाट गरिएको छ।

बैंक तथा वित्तीय संस्थाको तोकिएको कर्जा–निक्षेप अनुपात नपुगेमा उनीहरूलाई लाग्ने जरिवाना तरलता जोखिममा समेत आधारित हुनेगरी पुनरावलोकन गर्ने राष्ट्र बैंकले जनाएको छ।

त्यस्तै, चालू पूँजी कर्जासम्बन्धी मार्गदर्शनलाई संशोधन गर्नका लागि पनि राष्ट्र बैंक लचक देखिएको छ। मार्गदर्शन पुनरावलोकनका लागि माग गरिएका सुझावसमेत हेरेर राष्ट्र बैंकले संशोधनको प्रक्रिया थाल्ने प्रवक्ता डा गुणाकर भट्टले बताए।

बैंक तथा वित्तीय संस्थाले तोकिएको क्षेत्रमा कर्जा प्रवाह नगरेमा २०८० असार मसान्तसम्मको आधारमा २०८० पुसदेखि हर्जना गणना गर्ने व्यवस्था मिलाइने पनि राष्ट्र बैंकले जनाएको छ। लघुवित्त वित्तीय संस्थाले आगामी माघदेखि आधार दर मासिकरूपमा प्रकाशन गर्नुपर्ने व्यवस्था पनि मौद्रिक नीतिको त्रैमासिक समीक्षाबाट गरिएको छ।

**लैङ्गिक हिंसा र दुर्व्यवहारः**
**छैन हामीलाई स्वीकार**

आउनुहोस्, हामी सबै महिलामाथि हुने हिंसाविरुद्धको अभियानमा सहभागी बनौं।
घरघरबाट शुरू गरौं, महिला हिंसा अन्त्य गरौं।

२०७९ मङ्सिर ९ देखि मङ्सिर २४ गतेसम्म हुने लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बेवारिसे पिकअप नियन्त्रण

प्रस, वीरगंज, ११ मङ्सिर/

जिल्ला प्रहरी कार्यालय, बाराले बेवारिसे अवस्थामा रहेको पिकअप गाडी




नियन्त्रणमा लिएको जनाएको छ।

शनिवार दिउँसो कलैया उपमहानगरपालिका–१० मटिअर्वा सडकमा बेवारिसे अवस्थामा रहेको पिकअप गाडी नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ। बरामद गाडी वीरगंज भन्सार बुझाइएको जिप्रका, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी गराएका छन्।

### दुर्घटनामा ...

साहिल हवारीको उपचारको क्रममा मृत्यु भएको र वर्ष २० का सरताज अन्सारी घाइते भएको प्रहरीले जनाएको छ।

हवारीले मोटरसाइकल चलाएका थिए र दुर्घटनापछि हवारी, अन्सारी दुवैलाई वीरगंजस्थित स्पर्श मल्टिस्पेशलिटी अस्पतालमा भर्ना गरिएको थियो, जसमा हवारीको मृत्यु भएको प्रहरीले जनाएको छ। घाइते अन्सारीको अवस्था भने सामान्य रहेको बताइएको छ।

### विवाह पञ्चमी ...

जनाएको छ।

भन्सार कार्यालयमा प्रवेश इजाजतपत्रको लागि भारतीय साना–ठूला सवारीसाधनहरू अहिले लामबद्ध छन्। आइतवार बिहान पनि ठूलो सङ्ख्यामा भारतीय ठूला–साना सवारीसाधनहरू यो नाकाबाट भित्रिएका छन्। उनीहरू सबै विवाह पञ्चमीको लागि जनकपुर जान लागेका हुन्।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787


Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## विश्वकप फूटबल : अर्जेन्टिना विजयी

काठमाडौं, ११ मङ्सिर/रासस

कतारमा जारी फिफा विश्वकप २०२२ अन्तर्गत समूह 'सी' अन्तर्गतको आज भएको खेलमा अर्जेन्टिना विजयी भएको छ। अर्जेन्टिनाले मेक्सिकोलाई २–० गोलअन्तरले पराजित गरेको हो।


तस्वीरः एएफपी



समूह चरणको आफ्नो पहिलो खेलमा साउदी अरेबियासँग २–१ गोलअन्तरले पराजित अर्जेन्टिनालाई नकआउट चरणमा प्रवेशका लागि आजको खेल जित्नुपर्ने बाध्यता थियो। जीतसँगै अर्जेन्टिनाले तीन अङ्क जोड्दै समूहमा दोस्रो स्थानमा उक्लिएको छ।

आजको खेल पहिलो हाफमा बराबरीमा टुङ्गिएको थियो। खेलको दोस्रो हाफ अर्थात् ६४औं मिनेटमा लियोनल मेस्सीले गोल गर्दै अर्जेन्टिनालाई अग्रता दिलाए भने खेलको ८७औं मिनेटमा एन्जो फर्नान्डेजले गोल गर्दै जीत सुनिश्चित गरे।

### मेस्सीको गोलसँगै अर्जेन्टिनाको विश्वकपको आशा जीवितै

शनिवार राति भएको खेलमा मेक्सिकोमाथि २–० को जीत निकाल्दै अर्जेन्टिनाको विश्वकप यात्रालाई जीवित राख्न अर्जेन्टिना सफल भएको छ।



कतारमा समूह 'सी'को पहिलो खेलमा साउदी अरबसँग पराजित भएपछि अर्जेन्टिनाले शनिवारको खेल पनि हारेको भए उसको प्रतियोगिताको सम्भावना समाप्त हुन सक्ने थियो।

खेलको ६४औं मिनेटमा २० मिटर टाढाबाट गोल गर्दै अर्जेन्टिनाका लागि गोल गरेका थिए भने एन्जो फर्नान्डिजले दोस्रो गोल थपेका थिए।

मेस्सीले विश्वकप आफ्नो पहिलो खेलमा भएको हारले कठिन भएको बताउँदै भने, "पहिलो खेलमा हामीलाई घाटा भयो। हामीलाई थाहा थियो कि हामीले आज जित्नै पर्छ, हाम्रोलागि अब बल्ल विश्वकप शुरू हुँदैछ।" मेक्सिकोले राम्रो खेलेको कारण गोल गर्न निकै कठिन भएको उनको भनाइ थियो।

मेस्सीले गरेको गोलले उनले अर्जेन्टिनाका लागि विश्वकपमा आठ गोल र २१ खेलमा उपस्थिति जनाउँदै स्व डिएगो म्याराडोनाको बराबरी गरेका छन्।

अर्जेन्टिनाले म्याराडोनाको मृत्युको दोस्रो वार्षिकी मनाएको एक दिनपछि यो जीत निकालेको हो।

सातपटकका बालोन डी'ओर विजेता मेस्सीबाहेक सबैका लागि यो अवसर प्राप्त भएको जस्तो देखिने खराब र तनावपूर्ण भिडन्तमा यी गोलहरू गुणस्तरका दुई दुर्लभ क्षणहरू थिए।

तर अर्जेन्टिनाले नकआउट चरणमा स्थान पक्का गर्न अझै पनि समूह चरणको अन्तिम खेल पोल्यान्डविरुद्ध जित्नैपर्ने हुन्छ।

मेस्सीले भने, "हामी अहिले छोड्न सक्दैनौं। अब हरेक खेल फाइनल हो, हामी कुनै गलती नगरीकन खेल्नेछौं।"

### फ्रान्स विजयी



कतारमा जारी फिफा विश्वकप २०२२ अन्तर्गत समूह 'डी'को खेलमा डेनमार्कलाई पराजित गर्दै फ्रान्स विजयी भएको छ।

दोहास्थित ९७४ रङ्गशालामा आज भएको खेलमा फ्रान्सले डेनमार्कलाई २–१ गोलअन्तरले पराजित गरेको हो। डेनमार्कविरुद्धको जीतसँगै फ्रान्स नकआउट चरणमा प्रवेश गर्ने पहिलो टोली बनेको छ।

फ्रान्सको जीतमा किलियन एमबाप्पेले दुई गोल गरे। खेलको दोस्रो हाफको ६१औं मिनेटमा एमबाप्पेले गोल गर्दै सुरुआती अग्रता दिलाए। त्यसको केही बेरमा नै डेनमार्कले बराबरी गोल गर्न सफल भयो। खेलको ६८औं मिनेटमा डेनमार्कका लागि आन्द्रेस क्रिस्टेन्सनले कर्नरमा आएको बललाई हेडरमार्फत गोल गर्दै खेल १–१ गोलको बराबरीमा ल्याए।

खेलको ८६औं मिनेटमा फ्रान्सका लागि एमबाप्पेले दोस्रो गोल गर्दै जीत सुनिश्चित गरे। फ्रान्सले दुई खेलमा छ अङ्क जोडेको छ। यसै समूहमा रहेका अस्ट्रेलियासँग तीन तथा डेनमार्क र ट्युनिसियाको समान एक/एक अङ्क छ।

## राष्ट्रिय क्रिकेट : सुदूरपश्चिम प्रदेश विजयी

काठमाडौं, ११ मङ्सिर/रासस

१९ वर्षमुनिको राष्ट्रिय क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेश विजयी भएको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा सुदूरपश्चिम गण्डकी प्रदेशलाई ११३ रनले पराजित गर्दै विजयी भएको हो।

खेलमा सुदूरपश्चिमले दिएको २१४ रनको लक्ष्य पछ्याएको गण्डकी प्रदेश ३२ दशमलव पाँच ओभरमा एक सय रनमा समेटियो। गण्डकीका लागि गोविन्द विकले २२ तथा अर्जुन कुमालले २० रन बनाएका थिए। कप्तान सुवास भण्डारीले १६ रन जोड्दा करन पङ्गेनीले १५ रन बनाए।

सुदूरपश्चिमका लागि मिलन बोहोराले छ विकेट लिए। त्यसअघि पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले ४९ दशमलव तीन ओभरमा अलआउट हुँदै २१३ रन बनाएको थियो। सुदूरपश्चिमका लागि आकाश चन्दले ४० तथा कप्तान अनुज सिंहले ३७ रन बनाए। नरेन साउदले २८ तथा मिलन बोहोराले २४ रन बनाउँदा हेमन्त धामी र गजेन्द्र बोहोराले समान १९/१९ रन बनाए। दीपक बोहोरा ११ रनमा आउट भए।

गण्डकीका लागि कप्तान सुवास भण्डारीले तीन विकेट लिए भने सुदीप अर्याल, सचिनराज अधिकारी, अर्जुन कुमाल, सिब्रिन श्रेष्ठ, निर्तिश गिरी र शिशिर भुसालले समान एक/एक विकेट लिएका थिए। प्रतियोगिताको विजेताले रु दुई लाख तथा उपविजेताले रु एक लाख पाउनेछन्।